का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ भदौ २०७९,
आइतबार
4 September 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक २११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# लयमा फर्किंदै मुलुकको अर्थतन्त्र

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण थिलथिलो भएको नेपालको अर्थतन्त्रले लय समाउँदैछ । यसका पछाडि नेपालको सुझबुझपुर्ण व्यवहार र नीति नै रहेको सरकारी अधिकारीहरु बताउँछन् ।

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

कोरोना भाइरस (कोभिड-१९)ले विश्वकै अर्थतन्त्रलाई हल्लाउन पुग्यो । यसबाट नेपाल समेत अछुतो रहन सकेन । तर, विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण थिलथिलो भएको नेपालको अर्थतन्त्रले विस्तारै लय समाउन थालेको छ । यसका पछाडि नेपालको सुझबुझपुर्ण व्यवहार र नीति नै रहेको सरकारी अधिकारीहरु बताउँछन् ।

अर्थमन्त्री जनार्दन शर्माका अनुसार सरकारले होसियारी अपनाउँदा देश धरासायी हुनबाट जोगिएको मात्रै छैन्, लयमा फर्किंदै छ मुलुकको अर्थतन्त्र । उनका अनुसार मुलुकको अर्थतन्त्रका सबै सूचकांकहरु सकारात्मक हुँदै गएको छ । नेपालको अर्थतन्त्र समाप्त नै हुन्छ भनेर आवाज उठिरहेका बेला सरकारले आवश्यक नीति लिएर त्यसलाई बिग्रन नदिएको उनको भनाई रहेको छ । तर, तरलताको समस्या अझै कायमै छ । यसलाई सहज बनाउनका लागि समयमै बजेट खर्च गर्ने कुरामा विशेष ध्यान दिनुपर्ने सवमं अर्थमन्त्री शर्मा बताउँदछन् । निर्यात प्रवर्द्धनका लागि तय भएका नीतिहरु कार्यान्वयन गर्न सक्दा नेपालको अर्थतन्त्र थप बलियो भएर जाने उनको भनाई रहेको छ ।



> देश धरासायी हुनबाट जोगिएको मात्रै छैन्, लयमा फर्किंदै छ मुलुकको अर्थतन्त्र । तर, तरलताको समस्या अझै छ ।
>
> **जनार्दन शर्मा**
> अर्थमन्त्री



> अब अर्थतन्त्रमा देखिएका जोखिम न्यूनीकरणका लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने हुन्छ ।
>
> **महाप्रसाद अधिकारी**
> गभर्नर

शनिवार काठमाडौंमा नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले गरेको कार्यक्रममा नेपालको अर्थतन्त्रबारे छलफल भएको हो । जसमा सहभागी अर्थमन्त्री शर्माले नेपालको अर्थतन्त्र सुधारको बाटोमा अघि बढिरहेको बताएका हुन् ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी पनि मुलुकको अर्थतन्त्र सहज बन्दै गइरहेको बताउँछन् । यद्यपि, जोखिम कायमै रहेकाले सजकता अपनाउन पनि आवश्यक रहेको उनको भनाई छ । सहजता देखिएको भनेर अहिल्यै धेरै वस्तुहरूको आयातमा वृद्धि गर्न नमिल्नेमा पनि उनको जोड रहेको छ ।

उनका अनुसार सरकारले मुलुकको अर्थतन्त्रमा थप सहजता फिल गरिराखेका छ । तर, सहजतामा त्यत्तिकै सजकता अपनाउनुपर्ने हुन्छ । अलिकति सहज भयो भन्दैमा धेरै नै आयात गर्न थाल्यो भने त्यही प्रेसर नदोहोरिँदैन ग्यारेण्टी हुँदैन । सहजता सँगसँगै सजकता पनि आवश्यक विषय छ। यस अर्थमा सकारात्मक कुराहरू आइराखेका छन् ।

उनी थप्छन्, 'पर्यटक गत वर्षभन्दा पछिल्लो ६ महिनामा दोब्बर आएका छन् । केही वस्तुहरूको – बाँकी पृष्ठ २ मा

## सत्तागठबन्धनमा सिट बाँडफाँड

# मोटामोटी सहमति

शीर्ष नेताहरुको लगातारको छलफलले सिट बाँडफाँडबारे मोटामोटी सहमति जुटाएको छ । जसअनुसार कांग्रेस र माओवादी केन्द्रले क्रमश ८५ र ४५ सिट लिने, नेकपा एकीकृत समाजवादीले १८, जसपाले १६ सिट र जनमोर्चाले १ सिट लिने खाका तयार भएको छ ।



> सत्तागठबन्धन टुट्ने सम्भावना छैन् ।
>
> **प्रचण्ड**
> अध्यक्ष, नेकपा माओवादी केन्द्र



> हैसियतभन्दा बढी माग्ने काम कसैले नगर ।
>
> **माधव कुमार नेपाल**
> अध्यक्ष, नेकपा एकीकृत समाजवादी



> कांग्रेसले जित्ने स्थानमा अर्को दललाई टिकट दिइन्न ।
>
> **रामचन्द्र पौडेल**
> वरिष्ठ नेता, नेपाली कांग्रेस

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

सत्तारुढ पाँच दलीय गठबन्धनका दलहरुको सिट दाबीमा आ- आफ्नै अडान कायम रहेपछि सिट बाँडफाँड थप चुनौतीपूर्ण बनेको हो । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा लगायतका दलहरु आफ्नो अडानबाट पछि नहटेपछि सिट बाँडफाँडबारे टुंगो लाग्न सकस भएको हो ।

अझ दलका नेताहरु सिट बाँडफाँड सम्मानजनक नभएसम्म सहमति नहुने बताउँदै आएका छन् । 'हामीले छलफल चलाइरहेका छौ, तर कांग्रेसमा अहंकार देखिएको छ,' 'हामीलाई सय सिट चाहियो । उब्रिएको तिमीहरु बाँड भन्छन् । हामीले उनीहरुलाई जवाफ दिएका छौं, हैसियतभन्दा बढी माग्ने काम नगर' नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले भने । उनले सहमतिको प्रयास जारी रहेको बताउँदै सम्मानजनक भागबण्डा नभए गठबन्धन छोडेर एक्लै चुनाव लड्ने बताएका छन् ।

उनीमात्रै होईन, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि कांग्रेसले धेरै ठूलो भाग खोजे वामपन्थी एकता हुनसक्ने बताउँदै आएका – बाँकी पृष्ठ २ मा

प्रतिनिधिसभाको कार्यकाल

# चुनावपछिको पहिलो बैठकसम्म



**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

सरकारले प्रतिनिधिसभाको कार्यकाल प्रष्ट पार्ने गरी कानून संशोधन गर्न लागेको छ । सरकारी अधिकारीहरुका अनुसार आगामी चुनावपछिको पहिलो बैठकसम्म मान्ने गरी कानून संशोधन गर्न लागिएको छ ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीका अनुसार निर्वाचनपछिको पहिलो बैठकको अघिल्लो दिनसम्म प्रतिनिधिसभाको कार्यकाल मान्ने गरी कानून संशोधन गर्ने निर्णय भएको छ । यही निर्णय अनुसार कानून मन्त्रालयले संशोधन विधेयक प्रतिनिधिसभामा लगेको छ । जहाँ ' प्रतिनिधिसभाको कार्यकाल गणना गर्दा त्यस्तो सभाको पहिलो बैठक बसेको दिनबाट गणना गर्ने र नयाँ प्रतिनिधिसभाको पहिलो बैठक बसेको दिनबाट अघिल्लो प्रतिनिधिसभाको कार्यकाल स्वतः समाप्त हुने व्यवस्था' छ ।

प्रस्तावित व्यवस्था जस्ताको तस्तै पारित भए चुनावमा टिकट नपाएका बहालवाला सांसदहरुले चुनावपछिसम्मै सांसदको हैसियत प्राप्त गर्नेछन् ।

२०७४ सालमा प्रतिनिधिसभाको चुनाव मंसिर १० गते र २१ गते गरी दुई चरणमा भउको थियो । २१ फागुनमा पहिलो बैठक बसेको थियो । प्रस्तावित विधेयक जस्ताको तस्तै पारित भए ४ मंसिरको चुनावपछि निर्वाचित सांसदहरुले सपथ लिएर बस्ने पहिलो बैठकसम्म हालको – बाँकी पृष्ठ २ मा

# मलेसियाका रोजगारदाताहरुले सम्झौता पालना नगरेको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ भदौ

मलेसियाका रोजगारदाताहरूले नेपाल सरकार तथा मलेसिया सरकारबीच भएको सम्झौता अनुसार नेपाली कामदारसँग व्यवहार नगरेको गुनासो बढेको छ ।

नेपाल र मलेसिया सरकारबीच भएको श्रम सम्झौतामा करार अवधि दुई वर्षको कायम हुने सहमति भएपनि मलेसियामा रोजगारदाताहरूले कम्पनीमा तीन वर्षे सम्झौतामा हस्ताक्षर गराउने र दुई वर्षको कार्यकाल पूरा भएपछि पनि स्वदेश फर्किन आवश्यकता पर्ने चेकआउट मेमोको लागि अध्यागमन विभागसँग पहल नगरी काममा नै लगाउने गरेको नेपाली कामदारहरुको भनाइ छ ।

मलेसियास्थित नेपाली दूतावासले प्रत्येक हप्ताको शुक्रबार कामदारका राहदानी, तलब, छुट्टी लगायतका समस्याको जवाफ दिन फेसबुक लाइभ कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । गत शुक्रबार उक्त कार्यक्रममा जोडिएका नेपाली कामदार हरूले नेपालबाट दुई वर्षको करारमा गएको भएपनि कम्पनीमा पुगेपछि तीन वर्ष अवधि उल्लेख भएको छुट्टै करारपत्रमा हस्ताक्षर गराएको दाबी गरे ।

आप्रवासी कामदारको अभाव झेलिरहेका मलेसियाका रोजगारदाताले रोजगार पूर्णरूपमा त्यागेर स्वदेश नजान कामदारमाथि दबाब बढाएको बताइएको छ । नेपालीले पूर्णरूपमा रोजगार छोडेर फर्किने प्रक्रिया 'फिनिस'मा गए रोजगारीका लागि पुनः मलेसिया फर्किन नपाइने भन्दै कम्पनीको तर्फबाट दबाब दिइने गरिएको कतिपयको गुनासो थियो ।

विदेशी कामदारको भिसा एप्रुभलमा ढिलाई – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## व्यवसायी शर्मा प्रदेशसभाको उम्मेदवार सिफारिस



**काठमाडौं / मस–** ललितपुरको जावलाखेलस्थित लक्की एच आर सोलुसन प्रा.लि. का सञ्चालक ऋषि प्रसाद शर्मा कर्णाली प्रदेशसभा सदस्यका लागि उम्मेदवार सिफारिस भएका छन्। आगामी मंसिर ४ गते हुने निर्वाचनमा व्यवसायी शर्मा नेपाली कांग्रेसको तर्फबाट सुर्खेत निर्वाचन क्षेत्र न. १ प्रदेश (ख) बाट प्रदेश सभा सदस्यमा प्रत्यक्ष मतदान प्रणालीको उम्मेदवार सिफारिस – बाँकी पृष्ठ २ मा



# गुणस्तरीय स्वास्थ्य सरकारको प्राथमिकतामा

**काठमाडौं/मस-** प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गुणस्तरीय स्वास्थ्यलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन्। नेपाली कांग्रेसको शुभेच्छुक संस्था प्रजातन्त्रवादी चिकित्सक सङ्घले आज लैनचौर ब्याङ्क्वेटमा आयोजना गरेको 'सम्मान तथा शुभकामना आदानप्रदान' कार्यक्रममा उनले संविधानले स्वास्थ्य र शिक्षा क्षेत्रलाई मौलिक अधिकारका रूपमा ग्यारेन्टी गरेको बताए।




'समृद्ध नेपाल निर्माणमा स्वास्थ्य क्षेत्रको महत्वपूर्ण भूमिका छ, यसलाई सरकारले प्राथमिताका साथ बजेट विनियोजन गरेको छ', प्रधानमन्त्री देउवाले भने। आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्रोत साधनको व्यवस्थालाई सरकारले प्राथमिकता दिएको उनले उल्लेख गरे। उनले कोभिड-१९ को समयमा चिकित्सकले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै कोरोना महामारीको समयमा खटिएका चिकित्सकलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गरे। सरकारले चिकित्सा शिक्षालाई सस्तो, सुलभ र सबैको पहुँचमा पुर्याउन काम गरिरहेको उनको भनाइ थियो।

प्रधानमन्त्री देउवाले ग्रामीण क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्य र सहज उपचार पाउने गरी सरकारले काम गरिरहेको बताए। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिएको उल्लेख गर्दै उनले निर्वाचनमा कांग्रेसको पक्षमा जनमत सिर्जना गर्न प्रजातन्त्रवादी चिकित्सक सङ्घको महत्वपूर्ण भूमिका हुने बताए। सरकारले निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न लागेको उनले बताए।

कांग्रेस उपसभापति धनराज गुरुङले मुलुकको हरेक आन्दोलनको नेतृत्व कांग्रेसले गरेको उल्लेख गर्दै समृद्ध नेपालको नेतृत्वका लागि आगामी निर्वाचनमा पार्टीलाई पहिलो बनाउनुपर्ने धारणा राखे। कार्यक्रममा कांग्रेस नेता डा.शेखर कोइरालाले स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्न नसकेको गुनासो गरे।

'सरकारले देशको कुल बजेटको जम्मा पाँच दशमलव ७५ प्रतिशतमात्र स्वास्थ्य क्षेत्रका लागि छुट्टयाएको छ, उक्त बजेट स्वास्थ्य क्षेत्रका लागि एकदमै न्यून हो', उनले भने। नेता कोइरालाले कुनै पनि देशलाई समृद्ध बनाउनका लागि स्वास्थ्य र शिक्षामा बजेट पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने बताए। जनतासँग प्रत्यक्ष जोडिएको स्वास्थ्य र शिक्षा मन्त्रालयलाई आगामी दिनमा कांग्रेस आफैंले राख्नुपर्ने उनको भनाइ थियो। उनले पार्टी र संसद्का महत्वपूर्ण क्षेत्रमा पेशागत क्षेत्रको प्रतिनिधित्व गराउन सकेमात्र देशको विकास हुने स्पष्ट पारे।

कांग्रेस पूर्वमहामन्त्री डा.शशाङ्क कोइरालाले दुर्गम क्षेत्रका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न प्रजातन्त्रवादी प्राध्यापक सङ्घले भूमिका खेल्नुपर्ने बताए। आगामी मङ्सिरमा हुन लागेको निर्वाचनमा चिकित्सकहरूलाई टिकट दिएर सम्मान गर्नुपर्ने उनको भनाइ थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका स्वास्थ्य सल्लाहकार डा. आरपी विच्छाले वर्तमान सरकारले सबै नेपालीलाई खोपको सुनिश्चितता गरेर प्रशंशनीय काम गरेको बताए। 'कोरोनाको उपचारमा खटिएका चिकित्सक तथा नर्सलाई भत्तादेखि लिएर चिकित्सकको सुरक्षाका लागि बनेको ऐन पास गरेर चिकित्सा क्षेत्रमा सरकारले उल्लेखनीय काम गरेको छ', उनले भने।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा.लोचन कार्की, प्रजातन्त्रवादी चिकित्सक सङ्घका पूर्वअध्यक्ष डा.केदारनरसिंह केसी, प्रजातन्त्रवादी चिकित्सक सङ्घका महासचिव डा.मुक्तिराम श्रेष्ठलगायतले नेपालका हरेक आन्दोलनमा नेपालका चिकित्सकले खेलेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै चिकित्सकलाई संसद् र पार्टीका विभिन्न तहमा ठाउँ दिन आग्रह गरे।

विसं २०६६ मा स्थापना भएको प्रजातन्त्रवादी चिकित्सक सङ्घले सातै प्रदेशमा आफ्नो प्रदेश शाखा स्थापना गरी चिकित्सकको हक, हित र अधिकारका क्षेत्रमा काम गर्दै आएको सङ्घका अध्यक्ष डा.अनिलविक्रम कार्कीले जानकारी दिए। सो अवसरमा प्रजातन्त्रवादी चिकित्सक सङ्घका पूर्वअध्यक्ष डा.केसी, लक्ष्मीराज पाठक र महासचिव डा. मुक्तिराम श्रेष्ठलाई सम्मान गरिएको थियो।

## भारतमा बस दुर्घटना:
# चार जना नेपालीको मृत्यु

**काठमाडौं/मस-** भारतको उत्तर प्रदेश बाराबङ्कीमा शनिबार बिहान भएको सडक दुर्घटनामा चार नेपालीको मृत्यु भएको छ। साथै अन्य १४ जना घाइते भएका छन्।

नेपालगञ्ज सीमावर्ती बजार रुपैडियाबाट गोवा जान लागेको युपि ३२ पिटी ३९४४ नंको यात्रुवाहक बसलाई तीव्रगति आएको ट्रकले ठक्कर दिँदा सो घटना भएको हो।

भारतीय प्रहरीका अनुसार डवलडेकरको बस बारबङ्की नजिकै टायर पञ्चर भएपछि परिवर्तन गर्न लाग्दा तीव्रगतिमा आएको ट्रकले पछाडिबाट ठक्कर दिएको थियो। सो घटनामा परी बाँके राप्तीसोनारी गाउँपालिका बिनौना गाउँका प्रेम थारू, शीतल थारू, दाङ बेलतापुरका चक्रबहादुर वलीको मृत्यु भएको र एक मृतकको सनाखत हुनसकेको छैन।

उक्त दुर्घटनामा परेका बाँके बैजापुरका ५० वर्षीय रावत, ४० वर्षीय अमरबहादुर, बारबर्दियाकी ३५ वर्षीया रीताकुमारी थारू, दाङका २८ वर्षीय कृष्ण, रुकुमका ४० वर्षीय कालीबहादुर र तनहुँका ४० वर्षीय हरिशरणको अवस्था जटिल रहेकाले उनीहरूलाई लखनउस्थित ट्रमा सेन्टरमा उपचारका लागि पठाइएको छ। सल्यान घुँइयाबारीका २९ वर्षीय बहादुर राना, पद्मा राना, बाँके बिनौनाका १७ वर्षीय मनोज, मनमती कौर, १९ वर्षीय सुनील थारू, १६ वर्षीय विजय थारू, १८ वर्षीय हरि योगी र सन्तोष पनि घाइते भएकाले उनीहरुलाई बाराबंकीस्थित जिल्ला अस्पतालमा उपचार गराइरहेको जनाइएको छ।

# कपिलवस्तु ३ मा सांसद शाहको नाम सर्वसम्मत सिफारिस

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १८ भदौ

नेपाली कांग्रेस कपिलवस्तु क्षेत्र नं. ३ ले प्रतिनिधि सभा सदस्य अभिषेकप्रताप शाहको एकल नाम सर्वसम्मत सिफारिस गरेको छ।

गत मंगलबार क्षेत्रीय कार्यसमितिले पूर्वकेन्द्रीय सदस्य शाहको नाम प्रतिनिधि सभातर्फ सर्वसम्मत सिफारिस गरेको हो। नेता शाह सो क्षेत्रबाट अहिले पनि प्रतिनिधि सभा सदस्य छन्।

त्यसैगरी कांग्रेसले कपिलवस्तु क्षेत्र नं. ३ (क)मा प्रत्यक्ष प्रदेशतर्फ अकिल मियाँ, जमशेद मियाँलाई सिफारिस गरेको छ। प्रदेशतर्फ (ख) प्रत्यक्षमा नेता वीरेन्द्र कनौडियालाई



सिफारिस गरेको छ। कनौडिया 'ख'बाट एकल रुपमा सिफारिस भएका छन्। (ख) बाट कनौडिया अहिले पनि प्रतिनिधित्व गर्छन्।

त्यस्तै कपिलवस्तु क्षेत्र नं ३ (ख) बाट समानुपातिकमा मुस्लिम तर्फ प्रदेश सभा सदस्य (विधायक) मा किफाय तुल्लाह खाँसहितका नेताहरुको नाम समानुपातिक तफ सिफरिस भएको छ।

# लागुऔषधसहित एक जना पक्राउ

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १८ भदौ

सिरहामा लागुऔषधसहित एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिरहा बिष्णुपुर गाउँपालिका वडा नम्बर ३ रजखोरका २२ वर्षीय राजपति यादव रहेका प्रहरीले जनाएको छ।

ईलाका प्रहरी कार्यालय मिर्चैया सिरहाबाट प्रहरी निरीक्षक सोनु कुमार साहको नेतृत्वमा खटिएको प्रहरी उनलाई बिहीबार पक्राउ गरेको हो।

प्रहरीका अनुसार नरहा गाउँपालिका वडा नम्बर ३ नयाँ



चौहर्वा चोकस्थित चेकजाँच गर्ने क्रममा यादव सवार स ५ प ५०७७ नम्बरको मोटरसाइकलमा प्लाष्टिकको झोला भित्र 'कोडीओएल' नामक लागुऔषध ८८ बोतल बरामद भएको थियो। थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# हेटौँडाको गुम्बाडाँडामा शर्माको सालिक स्थापना

**हेटौँडा/मस-** हेटौँडाको गुम्बाडाँडा परिसरमा निर्मित श्यामप्रसाद शर्मा स्मृति पार्कको उद्घाटन गरिएको छ।

पार्कमा स्थापना गरिएको बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रगतिशील साहित्यकार श्यामप्रसाद शर्माको अर्धकदको सालिक अनावरण गरेका हुन्।

सालिक अनावरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री पाण्डेले साहित्य, पत्रकारितासँगै राजनीतिक क्षेत्रबाट समाज परिवर्तनमा शर्माले पुर्‍याएको योगदानको चर्चा गरे। श्यामप्रसाद स्मृति प्रतिष्ठानका उपाध्यक्ष इन्द्र नेपालको अध्यक्षतामा सम्पन्न



कार्यक्रममा बागमती प्रदेश सभाका सदस्य मुनु सिग्देल, श्री ज्योति माध्यामिक विद्यालय सञ्चालक समितिका अध्यक्ष हर्क रम्तेल, नेकपा एकीकृत समाज पार्टी मकवानपुरका अध्यक्ष सूर्यचन्द न्यौपाने, युवा श्रष्टा छवि अनित्यलगायतका वक्ताहरुले शर्माले नेपाली साहित्य र पत्रकारिताको क्षेत्रमा पुर्‍याएको योगदानका बारेमा चर्चा गरेका थिए।

### सत्तागठबन्धनमा...

छन्। 'नेपाली कांग्रेसले भागबण्डामा सहमति नजुटाए हामी छुट्टै चुनाव लड्छौं, समाजवादीसँग एकताको प्रयास भइरहेको छ, छलफल सकारात्मक पनि हुँदै गएको छ, सहमति जुटेपछि हामी संयुक्त घोषणापत्र पनि जारी गर्छौं', उनले भने। साथै उनले तत्कालै सत्तागठबन्धन टुट्ने सम्भावना नरहेपनि कांग्रेसले आफू मात्रै लिन खोजे गठबन्धन टुटाएर जानसक्ने पनि बताएका छन्।

'सिट यति-उतिभन्दा पनि बलियो सिट कांग्रेसले दाबी गर्ने हो। कुन क्षेत्रमा जनमत कति छ ? कुन दलको अवस्था बलियो छ। जनलहर कसको कति छ ? सबै कुरालाई गहिरोमा अध्ययन गरेर नै हामीले सय सिटको गरेका हौं' नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले भने। उनले कांग्रेसले जित्ने स्थानमा अर्को दललाई टिकट नदिने पनि बताएका छन्। यद्यपि, यसबीचमा गठबन्धनका शीर्ष नेताहरुको लगातारको छलफलले सिट बाँडफाँडबारे मोटामोटी सहमति भने गरेको छ। जसअनुसार नेपाली कांग्रेस र माओवादी केन्द्रले क्रमशः ८५ र ४५ सिट लिने सहमति भएको छ। यस्तै, नेकपा (एकीकृत समाजवादी) ले १८ र उपेन्द्र यादव नेतृत्वको जसपाले १६ सिट लिने सहमति भएको छ भने जनमोर्चाले १ सिट लिने खाका भने तयार भएको छ।

### लयमा...

निर्यात बढेर गएका छन्।' केही वस्तुहरूको निर्यातको राम्रो सम्भावना देखिनु, पर्यटक गतवर्षको भन्दा पछिल्लो ६ महिनामा दोब्बरले वृद्धि हुनु मुलुकको अर्थतन्त्र सुधारको बाटोमा गएको प्रमाणको रूपमा लिनुपर्ने उनी बताउँदछन्। यसैमा थप्छन्, 'रेमिट्यान्समा समेत सुधार देखिँदै आएको छ। अब अर्थतन्त्रमा देखिएका जोखिम न्यूनीकरणका लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने हुन्छ।'

### प्रतिनिधिसभाको ...

प्रतिनिधिसभाको कार्यकाल कायम रहनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरषदको कार्यकालयका अधिकारीहरुका अनुसार प्रस्तावित विधेयकमा संसदमा हाल रहेका सबै दलहरुको सहमति रहेको छ। अधिकारीहरुका अनुसार कानून मन्त्रालयका कर्मचारीहरुले प्रमुख प्रतिपक्षी नेकपा एमालेसँग पटक-पटक छलफल गरेका छन्। कानून मन्त्री गोविन्द बन्दी स्वंमले पनि नेकपा एमालेका संसदीय दलका नेता, उपनेता र प्रमुख सचेतक र सचेतकहरुसँग छलफल गरेका छन्। छलफलका क्रममा एमालेले प्रतिनिधिसभाको कार्यकालबारेको बहसलाई कानूनद्वारा सम्बोधन गर्न आवश्यक रहेको सरकारलाई सुझाएको थियो।

कानूनमन्त्री बन्दीले प्रधानमन्त्री शेरबहादुर देउवा, संघीय मामिला तथा सामान्य प्रशसनमन्त्री राजेन्द्र श्रेष्ठ लगायत सत्तारुढ गठबन्धनका नेताहरुसँग पनि पटक-पटक छलफल गरेका थिए।

विधेयक निर्माणमा संलग्न अधिकारीहरु प्रतिनिधिसभाको कार्यकाल चुनावपछिको पहिलो बैठक बस्दासम्म रहनेमा सर्वदलीय सहमति रहेको बताउँदछ्। छलफलका क्रममा विधेयकको ड्राफ्ट पटक-पटक संशोधन भएर अगाडि बढेको हो।

कानून न्याय तथा संसदीय मामला मन्त्रालयले सुरुमा ड्राफ्ट भएको विधेयकमा प्रतिनिधिसभाको निर्वाचन भएको पहिलो चरणको मितिलाई मान्ने उल्लेख थियो। ०७४ मा प्रतिनिधिसभाको चुनाव मंसिर १० गते र मंसिर २१ गत भएको थियो।

प्रस्तावित विधेयकको यही व्यवस्थालाइ टेकेर निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाले प्रतिनिधिसभाको कार्यकाल मंसि २१ गतेसम्म रहने बताएका थिए।

'आयोगले आफनो सिफारिस पेश गर्दा संविधानमा भएको व्यवस्था र निर्वाचन कानूनमा निर्वाचित मितिबाट पदावधि प्रारम्भ हुन्छ भन्ने व्यवस्था भएकाले त्यसैलाई टेकेर आउँदो मंसिरको २१ गते पदावधि सकिन्छ भनेर हामीले लिखित रपमा पेश गरेका थियौं।' प्रतिनिधिसभाको कार्यकालसम्बन्धी सरकारलाई दिएको सुझाव उल्लेख गर्दै थपलियाले भनेका थिए। यनले यस्तो १८ जेठ २०७९ मा निर्वाचन आयोगमै भएको पत्रकार सम्मेलनमा बताएका हुन्।

अर्थात, सुरुमा ड्राफ्ट भएको पहिलो चरणको चुनावको मितिलाई मान्ने कानून मन्त्रालयको प्रस्ताव निर्वाचन आयोगको सुझावपछि फेरिएर दोस्रो चरणमा भएको चुनावको मिति मंसिर २१ मा कार्यकाल सकिने गरी फेरियो।

निर्वाचन आयोगको सुझाव अनुसार मंसिर २१ गतलाई कार्यकाल मान्ने गरी तयार ड्राफ्ट लाई लिएर कानून मन्त्रालयका अधिकरीहरु र कानुमन्त्री बन्दीले सत्ता गठबन्धन र प्रमुख प्रतिपक्षी एमालेसँग छलफल गरेपछि पुनः फेरिएको हो। फेरिएर अगाडि बढेको प्रस्तावित विधेयकमा प्रतिनिधिसभाको कार्यकाल प्रतिनिधिसभाको कार्यकाल चुनावपछिको पहिलो बैठक बस्दासम्म रहने स्पष्ट उल्लेख छ।

### मलेसियाका...

गरिरहेको भन्दै मलेसियाका निजी क्षेत्रका उद्योगीहरूले सरकारको आलोचना गरेका छन्। मलेसियाका पाम आयल, कन्स्ट्रक्सन तथा म्यानुफ्याक्चरिङ सेक्टरमा विदेशी कामदारको मागअनुसार पूर्ति हुन नसकेको बताइएको छ।

केही नेपाली कामदारले बढेको तलब नपाएको गुनासो गरेका छन्। बढेको तलब बैंकमा जम्मा गरिदिँदा न्यूनतम १५ सय रिंगेट नै दिनुपर्ने भएपछि त्योभन्दा कम तलब दिने रोजगारदाताहरूले कामदारको हातमा नै नगद तलब दिने गरेको कामदारहरुको गुनासो छ।

नेपाली दूतावासले करारको दोहोरो कागज गराउने र वृद्धि भएको न्यूनतम तलब नदिने कम्पनीविरूद्ध दूतावासको श्रम शाखामा उजुरी दिन आग्रह गरेको छ।

### व्यवसायी...

भएका हुन्। शर्मा नेपाली कांग्रेसको गत महाधिवेशनमा लोकप्रिय मतसहित केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन भएका थिए। शर्मालाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आगामी पुस ८ गते तोकेको साधारणसभा र नयाँ कार्यसमिति निर्वाचनको लागि प्रमुख निर्वाचन अधिकृत समेत तोकेको छ।

शर्मा नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्ववरिष्ठ उपाध्यक्ष समेत हुन्। प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ नेपाली कांग्रेसका केन्द्रीय उपसभापति, पूर्व गृहमन्त्री पूर्णबहादुर खड्काको उम्मेदवारी सिफारिस भएको छ। सुर्खेत निर्वाचन क्षेत्र नं. १ नेपाली कांग्रेसको बलियो साँगठनिक पकड भएको क्षेत्र मानिन्छ।

# ज्ञवाली कुल प्रतिष्ठानद्वारा वृक्षारोपण



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवपरासी, १८ भदौ

पश्चिम नवलपरासीको सुनवल बनाहामा ज्ञवाली कुल प्रतिष्ठानले एक सय पचास विरुवा रोपेको छ। सुनवल नगरपालिकाभित्र रहेको प्रतिष्ठानको आयोजनामा सुनवल नगरपालिकाको वडा नं. ४ बनाहा गुम्बाको अगाडि अवस्थित खाली जग्गामा १ सय ५० वटा विरुवा रोपिएको प्रतिष्ठानका तदर्थ समितिका संयोजक गोपी ज्ञवालीले बताए।

सुनवल नगरपालिका वडा नं. ४ बनाहाको गुम्बा अगाडि खाली रहेको वन क्षेत्रमा प्रतिष्ठानले वार्षिक रुपमा हुने कुल पुजा समेत गर्दै आएको छ। सो स्थानमा पुरानो रुखहरु नरहेकोले शनिबार नयाँ विरुवाहरु रोपिएको प्रतिष्ठानका सदस्य गिरीराज ज्ञवालीले जानकारी दिए।

खाली रहेको सो स्थानमा पहिलो चरणमा टिक र मसलाका विरुवा चारैतर्फ रोपिएको र दोस्रो चरणमा बीच भागमा विभिन्न प्रकारका फलफुलका विरुवा रोप्ने योजना रहेको प्रतिष्ठानले जनाएको छ।

शनिबार सरकारी कर्मचारीहरुको विदाको दिन पारेर गरिएको वृक्षारोपण कार्यक्रममा करिब २५ जना ज्ञवाली बन्धुहरुको उपस्थिति रहेको थियो।

सो क्रममा १ सय वटा मसला (युकेलिप्टस), ५० वटा टिकका विरुवा गरी १ सय ५० बिरुवा डिभिजन वन कार्यालय नवलपर ासीले सहयोग स्वरुप उपलब्ध गराएको थियो। प्रतिष्ठान स्थलमा लोप हुँदै गएका परम्परागत वर, पिपल र स्वामीको सार्वजनिक चौतारो समेत बनाउने योजना रहेको बताइएको छ।

# २०० जनामा कोरोना संक्रमण पुष्टि



**काठमाडौं/मस-** शनिबार थप दुई सय जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। थप दुई जनाको मृत्यु भएको छ। तीन हजार पाँच सय ३७ नमूना परीक्षण गर्दा २०० जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

एक हजार तीन सय ८१ नमूनाको आरटी पिसिआर विधिबाट परीक्षण गर्दा ९२ र दुई हजार एक सय ५६ नमूनाको एन्टिजेन परीक्षण गर्दा एक सय आठ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

शनिबार ३३९ जना कोरोना संक्रमणमुक्त भएका छन्। यस्तै दुई लाख ९७ हजार ११५ जनाले कोरोना विरुद्धको खोप लगाएका छन्। ६६ जिल्लामा फैलियो डेंगु

मन्त्रालयका अनुसार देशभर ६६ जिल्लामा डेंगुको संक्रमण देखिएको छ।

**वैतेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पाडुँडाडाँ, दोलखा**

**बोलपत्र आव्हानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०७९।०५।१९ गते**

यस कार्यालयको तपसिल बमोजिमको कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०७९।८० को स्वीकृत कार्यक्रम अन्तर्गत रितपुर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

१) बोलपत्र सम्बन्धी अन्य शर्तहरु र विस्तृत सूचना www.baiteshwormun.gov.np मा हेर्न सकिने छ।
२) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।
३) विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

| ठे.नं | कामको विवरण | ल.ई. (भ्याट सहित) | जमानत रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र फाराम खरिद अवधि | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BRM/NCB/Goods/Dolakha/001/2079/080 | Procurement and supply of 4WD Vehicle | ७२,११,५३९। | १,८५,०००। | ३,०००। | सूचना प्रकाशन मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र | सूचना प्रकाशन मितिले १६ औं दिन दिनको १२ बजे भित्र | सूचना प्रकाशन मितिले १६ औं दिनको १ बजे |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# भारतीय सेनाध्यक्ष पाण्डे आज नेपाल आउँदै

**काठमाडौं/मस–** भारतीय सेनाअध्यक्ष जनरल मनोज पाण्डे नेपालको पाँच दिवसीय भ्रमणका लागि आज नेपाल आउँदैछन् । प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा उनी नेपाल आउन लागेका हुन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सेनाध्यक्ष पाण्डेलाई नेपाल भ्रमणकै क्रममा नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नेछिन् । राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपति हुन् । त्यस अवसरमा सेनाध्यक्षलाई खड्ग र प्रमाणपत्र पनि प्रदान गरिनेछ ।

यस्तै प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवासँग भारतीय सेनाध्यक्ष पाण्डेले भेट गर्ने कार्यक्रम छ । नेपाल भ्रमणका क्रममा सेनाध्यक्ष पाण्डेले सैनिक मञ्च टुँडिखेलस्थित वीरस्मारकमा श्रद्धाञ्जलि अर्पण, सम्मान गारत निरीक्षण, प्रधानसेनापति शर्मासँग भेटवार्ता, सहयोग सामग्री हस्तान्तरण, कमाण्ड तथा स्टाफ कलेजका शिक्षार्थीसँग अन्तर्क्रियालगायतका कार्यक्रमा सहभागी हुनेछन् ।

सेनाध्यक्ष पाण्डेको भ्रमणका क्रममा करिब रु २२ करोड ३८ लाख ३८ हजार मूल्य बराबरको तोप मर्मतसम्भारका पार्टपुर्जा, घोडा, सिमुलेटर, विस्फोटक पदार्थ प्रतिरोध सवारी साधन र घुम्ती अस्पतालका लागि आवश्यक उपकरणको सहयोग उपलब्ध गराउने भएको छ ।

नेपाल र भारतबीच सन् १९५१ देखि एक-अर्का देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने अनुपम प्रचलन रहिआएको छ । विसं २००७ मा भारतीय सेनाका फिल्ड मार्शल केएम करिअप्पालाई पहिलोपटक नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको सम्मान प्रदान गरिएको थियो भने विसं २०२६ मा तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहले पहिलोपटक भारतीय सेनाको मानार्थ सेना प्रमुखद्वारा विभूषित भएका थिए ।



अघिल्लो वर्ष प्रधानसेनापति शर्माले भारतीय सेनाको मानार्थ महारथी पाउनुभएको थियो भने सन् २०२० मा भारतीय सेना प्रमुख जनरल मनोज मुकुन्द नरवाणेलाई नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको हो । हालसम्म भारतका २१ र नेपाली सेनाका १७ जना सेनापतिले यस्तो सम्मान प्राप्त गरिसकेका छन् ।

नेपाल र भारतबीचको विशिष्ट एवं बहुआयामिक सम्वन्धको परिप्रेक्ष्यमा दुवै देशका सेनाबीच आपसी सहअस्तित्व र समानतामा आधारित प्रचलनले समग्रमा नेपालको परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा प्रवर्द्धन तथा सामरिक प्रतिरक्षामा समेत योगदान पुग्ने सैनिक प्रवक्ता नारायण सिल्वाल बताउँछन् ।

नेपाल र भारत दुवै मुलुकले यस्तो सुशोभन कार्यक्रम राष्ट्रपति भवनमै आयोजना गर्ने परम्पराले सहअस्तित्व र समानताका आधारलाई पुष्ट्याइ गरेको छ । केही वर्षअघि भएको नाकाबन्दी खुलाउन सैनिक कूटनीतिमार्फत दुवै देशका सेनाको पहलमा 'ब्रेक थ्रु' भएको थियो । प्राकृतिक प्रकोप र भूकम्पका समयमा भारतीय सेनाबाट सक्रियाताका साथ खोज, उद्धार र राहतमा सहयोग प्राप्त हुँदैआएको छ ।

नेपाली र भारतीय सेनाबीच सहकार्यका सिलसिलामा विगतदेखि नै एक-अर्का देशमा विभिन्न सेमिनार, तालिम र अभ्यास चल्दैआएको छ । नेपाली सेनाका अनुसार, भारतमा सञ्चालन भएका विभिन्न तालिममा सन् १९८९ देखि हालसम्म दुई हजार चार सय १७ अधिकृत र एक हजार तीन सय ७८ अन्य दर्जाको सहभागिता भइसकेको छ ।

# प्रदेश सभा सदस्यमा इन्जिनियर वन्जरा सिफारिस



**काठमाडौं/मस–** काभ्रेपलान्चोकको प्रदेश १ 'ख' बाट युवा इन्जिनियर भरत प्रसाद वन्जारा सिफारिस भएका छन् ।

आगामी मङ्सिर ४ गते हुने प्रदेश सभा निर्वाचनमा बागमती प्रदेश सभा सदस्यका लागि समानुपातिकतर्फ उनको नाम सिफारिस भएको हो । विगत १५ वर्षदेखि राजनीतिमा सक्रिए वन्जारा इन्जिनियरिङ पेशामासमेत सफल पात्र मानिन्छन् ।

स्थानीय तहमा इन्जिनियरको भूमिकामा लामो अनुभवसहित संयुक्त राष्ट्रसंघीय विकास परियोजना युएनडिपीमा स्थानीय शासन विज्ञको रुपमा पाँच वर्ष काम गरेका छन् ।

साथै उनी नेपाल इन्जिनियर्स एशोसिएशन काभ्रे शाखाका संस्थापक अध्यक्ष तथा नेपाली कांग्रेस इन्जिनियरिङ विभाग काभ्रेका संस्थापक उपाध्यक्षको भूमिकामा समेत काम गरेर राजनीतिक क्षेत्रमा सक्रिय छन् ।

पनौती नगर समिति सदस्य बनेर सफल राजनीतिक क्रियाकलापमा संलग्न उनी निरन्तर ३ पटक क्षेत्रीय प्रतिनिधि निर्वाचित बनिसकेका छन् ।

लामो समय राजनीतिमा सक्रिय इन्जिनियर वन्जारा अबको काभ्रे कांग्रेसको राजनीति सक्षम, सबल र अनुभवी युवाहरुले सम्हाल्नुपर्ने बताउँदै आएका छन् ।

## प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# नवोदित साहित्यिक वाचनालय कतारको अध्यक्षमा रसाइली

कतारमा स्थापित साहित्यिक संस्था नवोदित साहित्यिक वाचनालय कतारको चौधौँ अधिवेशन सम्पन्न भएको छ ।

वाचनालयका अध्यक्ष टीका खड्काको सभापतित्व तथा अनेसास कतारका अध्यक्ष मणि पौडेलको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो ।



वाचनालयले आफ्नो अधिवेशनसहित गजलका पिता मोतीराम भट्टको १५७ औं जयन्ती पनि मनाएको छ । भट्टको जन्म जयन्तीको अवसरमा सामूहिक गजल वाचनको आयोजना गरिएको थियो । सर्जक तथा साहित्यकार सानु थपलिया, शेखर बस्नेत, बिन्दा लामा, सोम थापा र प्रकाश पाठकले आफ्ना उत्कृष्ट आधा आधा दर्जन गजल वाचन गरेका थिए ।

अनेसास कतार च्याप्टर, नवोदित साहित्यिक वाचनालय, सन्ध्या ग्रुप (मुगलानी सौगात) कतारले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा अनेसास-नवोदितको १२८ औं र मुगलानी सौगातको ८६ औं रचना वाचन डबली समेत सम्पन्न भएको छ ।

अधिवेशनबाट अध्यक्षमा रूप रसाइली निर्विरोध निर्वाचित भएका छन् । नव निर्वाचित कार्यसमितिका पदाधिकारीहरू मध्य वरिष्ठ उपाध्यक्षमा नारायण भण्डारी, द्वितीय उपाध्यक्ष लीला नाथ घिमिरे, मोबाइल पुस्तकालय संयोजक सानु थपलिया, महासचिव सोम थापा, सचिव सुरेश परियार, कोषाध्यक्ष प्रकाश पाठक योगी र सह-कोषाध्यक्ष खिम पुन निर्वाचित भएका छन् ।

त्यसैगरी कार्यसमिति सदस्यहरूमा शोभाराम ओली, कमला भण्डारी, विवश थेबे लिम्बू, देवेन्द्र खतिवडा, धर्म सन्देश, लेखनाथ राउत, शक्ति न्यौपाने, ध्रुव अर्याल रहेका छन् । निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक विनोद खड्काले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

अधिवेशनमा संस्थाको प्रगति विवरण पेस र कार्यक्रमको सहजीकरण महासचिव नारायण भण्डारीले गरेका थिए ।

मोतीराम भट्टको जीवनी लेख कार्कीले वाचन गरेका थिए । उर्दु तथा अरबी साहित्यकार रमजान अलि मियाले पनि आफ्नो उर्दु सायरी वाचन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि मणि पौडेल र नवोदितका निवर्तमान अध्यक्ष चक्र कार्कीलाई सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पौडेलले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा सबै मिलेर लाग्नु पर्ने बताए । उनले भाषामा अशुद्धताको व्यापक प्रयोग र आक्रमण भई रहेको बताउँदै त्यसलाई सबै मिलेर रोक्नु पर्ने आवश्यकता रहको बताए । कार्यक्रमको समापन गर्दै सभापति खड्काले आफ्नो कार्यकाल भरी सहयोग पुर्‍याउने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# मोना कतारले मनायो रमाइलो तीज कार्यक्रम

कतारमा सन् २००३ मा स्थापित म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) कतारले रमाइलो तीज कार्यक्रम २०२२ भव्य रूपमा सम्पन्न गरेको छ ।

सङ्घका अध्यक्ष नरेन्द्र फगामीको सभापतित्व तथा संस्थापक अध्यक्ष तथा वर्तमान कार्यसमितिका संरक्षक प्रेम रसाइलीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

मोना कतार मातहत रहेको सांस्कृतिक विभाग, खेलकुद विभाग र मोना बहुउद्देश्यीय अक्षयकोषको सह-आयोजना सम्पन्न कार्यक्रममा बोल्दै व्यवसायी तथा समाजसेवी अजय विकले मोना कतारको हरेक कदममा आफ्नो साथ रहने बताउँदै अक्षयकोषको लागि व्यक्तिगत रूपमा रु.एक लाख सहयोगको घोषणा गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि रसाइलीले नारीको अनुहार हेर्न पनि नपाइने अवस्थामा मोना जन्मिएको स्मरण गर्दै एक सय भन्दा बढी महिलाकोबीचमा बसेर महिलाको पर्व मनाउन पाउँदा आफूलाई सपना जस्तो लागेको बताए । उनले मोना विश्व भर सञ्जाल फैलिएको सामाजिक संस्था भएको बताउँदै कतारमा रहेका सबै म्याग्देलीलाइ जोडिन आग्रह गरे ।

कार्यक्रममा संस्थाका विभिन्न तह तप्काका पदाधिकारी सहित म्याग्देली तथा गैर म्याग्देली चेलीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । महासचिव अजय कुवरले सहजीकरण गरेको औपचारिक कार्यक्रमको समापन गर्दै सभापति फगामीले कतारमा रहेका कुनै पनि चेलीलाई समस्या परेमा मोना कतार लाई सम्झन आग्रह गरे ।

उनले म्याग्दीका मात्र होइन कतारमा रहेका सबै चेलीको साथमा रहेर उनीहरूका समस्या समाधानका लागि अभिभावकको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

फगामीले समस्यामा परेर मोना कतार सम्म आएका सबैलाई संस्था तथा आफूले सक्दो सहयोग गरेको बताउँदै तीजको दिनमा 'जहाँ चेलीका समस्या त्यहाँ मोना कतार' पुग्ने प्रतिबद्धता दोहोर्‍एका थिए । फगामीले आन्तरिक रूपमा सानो कार्यक्रम गर्ने भनिए पनि सोचेको भन्दा धेरै फराकिलो कार्यक्रम बनेको स्मरण गर्दै यातायात खाना लगायत सबै कोणबाट सहयोग गर्नेलाई धन्यवाद ज्ञापन गरेका थिए । रमाइलो तीज कार्यक्रममा उपस्थित चेलीबेटीहरूलाई थुप्रै कलाकार साथीहरूले साङ्गीतिक प्रस्तुतिद्वारा मनोरञ्जन प्रदान गरेका थिए । राजु पौडेलको स्वागत मन्तव्य रहेको कार्यक्रमका बारेमा संयोजक बाबुराम भण्डारीले महत्व र उद्देश्यका बारेमा प्रस्ट पारेका थिए । कार्यक्रममा सहभागी सबै चेलीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

सिता घिमिरे र खुमा पुन उत्कृष्ट डान्सरका रूपमा चुनिएका थिए भने उनीहरूलाई मिराकल पोखराका तर्फबाट रमेश पौडेलले उपहार प्रदान गरेका थिए ।

# महिला संघ रामपुरको आयोजनामा खुल्ला तीज गीत प्रतियोगिता सम्पन्न

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, १८ भदौ

नेपाल महिला संघ रामपुरको आयोजनामा २९ औं खुल्ला तीजगीत प्रतियोगिता कार्यक्रम सम्पन्न भएको छ ।

महिला संघ नगर सभापति शारदा आचार्यको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन नेपाली कांग्रेस केन्द्रीय सदस्य सरस्वती अर्याल तिवारीले गरेकी थिइन् ।

केन्द्रीय सदस्य तिवारीले नेपाली कांग्रेस नेतृत्वको सरकारले ज्येष्ठ नागरिकहरुको सुरक्षा र भविष्यको सुनिश्चितताको लागि ऐन जारी गर्न लागेको बताइन् । एमालेलाई जनताले दुई तिहाईको बहुमत दिएर सत्तामा पठाएपनि मुलुकलाई समृद्धिबाट झन् पछि धकेलेको आरोप लगाउँदै आगामी मंसिरमा हुने निर्वाचनमा कांग्रेसलाई मतदान गर्न आग्रह गर्दै तिवारीले महिलाहरुलाई संविधानले अधिकार सम्पन्न गराएको स्मरण गराउँदै अधिकार सुनिश्चितताको लागि महिलाहरु जागरुक हुनु आवश्यक रहेको बताइन् ।



रामपुर क्षेत्रका विभिन्न स्थानका नौ समूहको सहभागिता रहेको प्रतियोगितामा प्रथम रामपुर ६ विजयुरको शोभा खनालको समूह, द्वितीय द युनिक गाईज किसानबारीको समूह, तृतीय प्रगतिशिल आमा समूह र सान्त्वना आकृती घिमिरेको समूह र सीता पंगेनीको समूह भएको छ । विजयी समूहलाई क्रमश नगद १५ हजार, १० हजार, ७ हजार र ४ हजार सहित प्रमाण पत्र प्रदान गरिएको छ ।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश कार्यसमिति सदस्य मोती भण्डारी, विष्णुमाया ढकाल, पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, रामपुर नगरपालिकाका नगर प्रमुख एवम् कांग्रेस महासमिति सदस्य रमणबहादुर थापा, नेपाल महिला संघ जिल्ला सभापति गंगा पौडेल, रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापा, चापाकोट नगरपालिकाका उपप्रमुख इशा राना लगायतले बोल्दै तीज पर्वले आत्मविश्वास, आत्मियता, उज्ज्वल भविष्यको शुभकामना दिदै अब संघ र प्रदेशको निर्वाचन नजिकिदै गरेकाले नेपाली कांग्रेसमा आस्थावान् सबैलाई चुनावी प्रचारात्मक कार्यक्रममा खट्न आग्रह गरे । कार्यक्रममा सहभागी समूहले कोभिड १९ को असरले विद्यार्थीले पढ्न नपाएको, निर्वाचन जितेर सत्ता सम्हालेका नेतृत्वले देश विकास नगरेको, वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव लगायतका समसामयिक विषयवस्तुमा आफ्ना गीत र नृत्य देखाएका छन् । बेझाड बजार रामपुर युवाक्लवको मन्चमा संचालन भएको कार्यक्रममा दर्शकको उल्लेख्य सहभागिता रहेको थियो ।

कलाकार मोहन खड्का, श्याम राना, बत्ती थापा लगायतको रमाइलो साँस्कृतीक कार्यक्रम रहेको कार्यक्रममा पाहुनालाई सम्मान गरिएको छ । नगर उपसभापति सावित्रा गैरेको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको संचालन नेपाल महिला संघ क्षेत्रीय सचिव लक्ष्मी थापा र कल्पना सोमैले गरेका थिए । पार्टीमा योगदान गर्नुहुने ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै सम्मान पत्र पनि प्रदान गरिएको थियो ।

# फोटो पत्रकार महासंघ कर्णालीको अध्यक्षमा केसी



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १८ भदौ

नेपाल फोटो पत्रकार महासंघ कर्णाली प्रदेशको दोस्रो अधिवेशन शनिबार सम्पन्न भएको छ । वीरेन्द्रनगरमा सम्पन्न अधिवेशनले गोविन्द केसीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा ज्योती कटुवाल, सचिवमा तीर्थ भण्डारी, कोषाध्यक्षमा अप्सरा विष्ट, सह-सचिवमा नविन शाही चयन भएका छन् ।

यस्तै सदस्यहरुमा सुरेश आचार्य, रमा केसी, सिर्जना बुढाथोकी, राकेश पौडेल, विष्णु न्यौपाने, नविन पौडेल, प्रिन्स चन्द, सुरेन्द्र सिंह, टेकबहादुर शाही, छपाल लामा चयन भएका छन् ।

साधारण सभाका प्रमुख अतिथि नेपाल फोटो पत्रकार महासंघका केन्द्रीय सदस्य विशाल सुनार, अतिथि नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष ललित बसेलले शुभकामना दिएका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि विशाल सुनारले पर्यटन प्रवर्द्धनमा फोटो पत्रकारिताको सम्भावना धेरै भएको बताएका थिए ।

## डि. स्क्वायरड ग्रुप प्रा.लि. को अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **डि. स्क्वायरड ग्रुप प्रा.लि. (श्रम इजाजत पत्र नं. १५०५/०७४/०७५)**को नाममा केही अनाधिकृत व्यक्तिहरूले वैदेशिक रोजगारमा पठाईदिन्छु डिमाण्ड छ भन्दै राहदानी र रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि.को कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको र कोही एजेण्ट समेत नभएको पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं । यस प्रा.लिको नाममा कुनै अनिधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । यस प्रा.लि.को आर्थिक कारोबार यसै प्रा.लिको लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

श्रम इजाजत नं. १५०५/०७४/०७५
**D SQUARED GROUP PVT. LTD.**
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497776, Email: dsquardgroup23@gmail.com
| Website: www.dsquardgroup.com.np

## साउदीमा रोजगार | कम्पनी : AL KHAIR MAUJUD CATERING SERVICES EST.
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०५/१७ चलानी नं.: ६०१८६७४५ LT. NO.: 269989

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 5 | 0 | स. काममा दक्ष | 1000 | ३३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २६ गते (11 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोज ओभरसिज प्रा.लि.** श्रम इजाजत नं. १४७/०५६/०५७
चण्डोल चोक, बंसिधर मार्ग, काठमाडौं, फोन नं. : ४४१२८७४, ४४४६१०५, फ्याक्स : ४४१७२४०
E-mail : roseoverseas@yahoo.com, roseovrs147@gmail.com, Web : www.roseoverseas.com.np

## साउदीमा रोजगार | कम्पनी : AL WATAN GENERAL CONTRACTING EST
शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७७/११/१९ चलानी नं.: ६०१५४९०२ LT. No.: 236554 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २६ गते (11 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Work Force Services Pvt. Ltd.** श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

## बहराइनमा रोजगार | Company : N. SPA FAST GLAMOUR FOR NAILS
City : BAHARAIN

पूर्व स्वीकृत मिति: २०७९/०४/११ चलानी नं.: ६०१८३९०७ L.T. No.: 268161 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 160 | ५३,९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २६ गते (11 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
बसुन्धारा-०३ काठमाडौं, फोन: ४३६१११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com

मध्यान्ह
www.madhyanhadaily.com
१९ भदौ २०७९, आइतबार
4 September 2022, Sunday

सम्पादकीय

## संक्रमणकालीन न्यायमा 'न्याय' नमरोस्

सरकारले संक्रमणकालीन न्यायको मामिलालाई व्यावहारिक रूपमा समाधान गर्न भनेर 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन सम्बन्धी विधेयक' ल्याएको छ । प्रस्तावित विधेयकमार्फत सरकारले तत्कालिन नेकपा माओवादीको सशस्त्र द्वन्द्वकालमा भएका मानव अधिकार उल्लंघनका घटनालाई दुई भागमा बाँड्ने भनेको छ । एउटा– मानव अधिकारको उल्लंघन । अर्को– मानव अधिकारको गम्भीर उल्लंघन । दुई भागमा बाँडेर न्याय निरूपण गर्ने प्रावधानहरू राखिएका छन् ।

यो विधेयक संसदीय प्रक्रिया अनुसार दफावार छलफलका लागि संसदमा पुगेको छ । औपचारिक रूपमा प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसदहरूले हत्या, यौनजज्य हिंसा, अपहरण तथा शरीर बन्धक र अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानून विपरीत गरिएका अमानवीय कार्यलाई मानवअधिकारको गम्भीर उल्लंघनमा राख्नुपर्ने भनी संशोधन हालेका छन् । आयोगले सिफारिस गरेअनुसार चल्ने मुद्दा हेर्न बन्ने विशेष अदालतका न्यायाधीशहरू न्याय परिषदको परामर्शमा नभई सिफारिसमा हुनुपर्ने संशोधन प्रस्ताव पनि एमालेका सांसदहरूको छ । नेकपा माओवादी केन्द्रका सांसदहरूले बेपत्ता पारिएको व्यक्तिको यथार्थ पत्ता लागेपछि मारिएको भए शहीद र मारिएको पुष्टि हुन नसके बेपत्ता योद्धा घोषणा गर्नुपर्ने भनी संशोधन हालेका छन् । उनीहरूलाई राष्ट्रिय शहीदहरू सरह सम्मान गर्नुपर्ने पनि माओवादी सांसदहरूको संशोधन प्रस्ताव छ । साथसाथै, पीडितलाई निःशुल्क शिक्षा, स्वास्थ्य सेवा दिनुपर्ने, रोजगारी उपलब्ध गराउने तथा रोजगारीको व्यवथा नभएसम्म बेरोजगार भत्ता दिनुपर्ने र उद्योग व्यवसाय गर्न इच्छुक पीडितहरूलाई अनुदानमा रकम उपलब्ध गराउनुपर्ने लगायतका विषय पनि माओवादी केन्द्रका सांसदहरूले हालेको संशोधन प्रस्तावमा उल्लेख छ ।

यही संशोधनउपरको छलफल र फास्ट ट्र्याकमा पारित गर्ने प्रक्रिया अपनाउँदा कतै संक्रमणकालीन न्यायमा न्याय पुग्दैन कि ! सरकारले मानव अधिकार उल्लंघनका घटनामा क्षमादान दिने तयारी स्वरूप द्वन्द्वकालका घटनालाई दुई भागमा बाँडेको भनी भइरहेका टिप्पणीमा ख्याल पुग्नु आवश्यक छ । सरकारले संशोधन विधेयकमा प्रष्टरूपमा भनेको छ 'मानव अधिकारको गम्भीर उल्लंघनको घटनामा आयोगले क्षमादानका लागि सिफारिस नगर्ने ।' अर्थात, विधेयक जस्ताको त्यस्तै पारित भएमा मानव अधिकार उल्लंघनभित्र परेको भनेर आयोगले हत्या, यौनजन्य हिंसा, शारीरिक वा मानसिक यातना, अपहरण तथा शरीर बन्धक बनाउने, गैरकानूनी थुनामा राख्ने घटनामा समेत क्षमादानका लागि सिफारिस गर्न सक्छ ।

सरकारले ल्याएको विधेयकले मानव अधिकार उल्लंघनको घटनामा पीडकले आर्थिक विपन्नताको कारण पीडितलाई क्षतिपूर्ति दिन नसक्ने अवस्था देखिएमा आयोगले पीडितले पाउने क्षतिपूर्ति रकम उपलब्ध गराउन सरकारलाई सिफारिस गर्ने लगायतका सकारात्मक व्यवस्थाहरू हुँदाहुँदै पनि लामो समय लगाएर निरूपण गरिएको संक्रमणकालीन न्यायमा न्याय नपुग्न सक्छ । मूलतः पीडक पक्षलाई फौजदारी दायित्वबाट पूर्ण उन्मुक्ति दिलाउने काम कहीँ कतैबाट हुनु हुँदैन । यसतर्फ संसदले विशेष ख्याल गरोस् ।

# राजनीति र न्यायालय

*सर्वोच्च अदालतमा विश्वनाथ उपाध्यायदेखि हाल बहालवाल बाहेक २१ जना प्रधानन्यायाधिशहरू भए । एकाध अपवाद बाहेक कुनै पनि प्रन्याको बहिर्गमन सम्मानजनक तथा गम्भीर आरोपबिहीन रूपमा भएन । बाँचेका पूप्रन्याहरू अहिले 'कोतपर्व'बाट जीऊँदै उम्के झैँ ठानेको हुनुपर्छ ।*

अग्रलेख



● जयप्रकाश गुप्ता



वि.सं. २०४७ यता चोलेन्द्र शम्शेर राणा २२ औं प्रधानन्यायाधिश हुन् । यस अवधिका हरेक प्रधानन्यायाधिश विवादमा परी बहिर्गमन हुनु परेको क्रममा यिनी पनि अपवादमा रहेनन् । तुलनात्मकरूपमा यिनी त झन् महाविवादमा परे । यस श्रृंखलाका कतिपय चर्चित न्यायाधिशहरूको जस्तै यिनको अवकाशपश्चातको सार्वजनिक जीवन पनि सहज रहने देखिन्न । चोलेन्द्र उपर संसदमा महाअभियोग दर्ता गरिएपछि यिनी सार्वजनिकरूपमा कुनै प्रतिकृया दिएनन् । चुपचाप नै रहे । संसदको राजनीतिक समिकरण र मुख्य प्रतिपक्ष एमालेका प्रति आशावादी रहेकाले आफु पुनः अदालतमा फर्किने यिनको आश थियो होला । यिनले एमालेलाई कुनै ठूलो गुण त लाउन पाएनन् । यद्यपि पछि बनेको एमाले विरोधी सत्ता गठबन्धनको कारणले एमालेप्रति थोरै सहानुभूति राखेको देखिन्छ । अबको स्थितिमा संसदभित्र प्रायः मञ्चन हुने तिकडमी खेलका कारणले यिनको अदालतमा फर्किने सम्भावना भने रहेन । साथै, यिनीविरूद्धको महाअभियोग पारित हुने सम्भावना पनि देखिँदैन । सायद यस कारणले पनि होला चोलेन्द्र अत्यन्त मुखर तथा उग्ररूपमा संसदीय समितिका समक्ष प्रस्तुत हुँदैछन् । उनको प्रस्तुतीले नेपाली राजनीतिमा कायम रहेको सम्भवतः आजसम्मका सबैभन्दा विकराल पक्षलाई छताछुल्ल पारेको छ । पंक्तिकारको यस विषयमा प्रवेश गर्नु मेरो मनशाय होइन । यहाँ पछिल्लो समयमा नेपालको अदालतले भोग्नु परिरहेको परिस्थितिको बारेमा चर्चा गर्न खोजिएको छ ।

मुलुकमा संसदीय प्रजातन्त्रको पुनर्स्थापना पछि प्रधानन्यायधिशमध्ये विश्वनाथ उपाध्याय सर्वाधिक चर्चामा रहे । वि.सं. २०४७ सालका बहुदलीय संविधानका उनी मुख्य निर्माता थिए । दरबारका शहमा सेनाका जर्नेलहरू बुट बजार्दै संविधान मस्यौदा समितिको अफिसमा पुग्दा पनि उनी अप्रभावित तथा अटल रहेका थिए । नयाँ संविधानका लागि नवोदित एमालेको अनेकन् कठिन सुझावहरू थियो जो संविधानवादसँग मेल खादैन्थ्यो, त्यस्तो कठिन समयमा विश्वनाथ उपाध्यायले संविधानको मस्यौदा तयार पारेका थिए । तर, केही वर्ष नबित्दै उनी एमाले पार्टीको नजरमा अपराधी ठहरिए । तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले सिफारिस गरेको संसदको पहिलो विघटनलाई सदर गरेर र पछि प्रधानमन्त्री मनमोहन अधिकारीले सिफारिस गरेको संसदको विघटनलाई बदर गरेर उनी नेपाली कांग्रेसका गिरिजा विरोधी खेमा तथा एमाले पार्टीको कोपभाजनमा परे । यसका अतिरिक्त आफ्ना सहोदर भाई केदारनाथ उपाध्यायलाई सर्वोच्च अदालतमा प्रवेश गराए साथै उनीभन्दा वरिष्ठ न्यायाधिश कृष्णजंग रायमाझीलाई पन्छाएर न्यायपरिषदको सिफारिसमा प्रधानन्यायाधिश हुनु विवादजन्य कारण मानिन्छ । यहीँबाट एमालेले सर्वोच्च अदालतलाई स्वार्थको सर्वोच्च स्थानमा राख्यो, कांग्रेसले पनि सोही कुराको अनुशरण गर्दै गयो ।

एमालेले अर्का प्रधानन्यायाधिश सुरेन्द्रप्रसाद सिंहलाई पासोमा पार्‍यो । उनीविरूद्ध संसदमा महाअभियोगको प्रस्ताव लिइ आयो । तत्कालिन सभामुख रामचन्द्र पौडेलले सभामुखको विशेषाधिकारको आधारमा सो प्रस्ताव उपर छलफल गर्न अस्वीकार गरेपछि सभामुख पौडेलमाथि शारिरीक प्रहार भयो । मध्यरातमा एमालेका सांसदहरूले सभामुखको कार्यकक्ष फुटाले । सायद, एमालेको यस प्रकरणले पहिलो पटक स्थापित गर्‍यो कि न्यायाधिशको आसनमा निर्विघ्न बस्न राजनीतिक शक्तिको पक्षपोषण गर्नु जरूरी छ । सुरेन्द्रप्रसाद सिंह आफ्नो आँखाको आँशु आँखा मै सुकाएर अवकाश पाई बिदा भए । आफुले भोगेको अपमानबारे यिनी पछिसम्म सुनाई रहन्थे । प्रधानन्यायाधिश केशवप्रसाद उपाध्यायलाई नेपाल बारले अकर्मण्य ठहर्‍याएका थिए । यिनको समयमा सरकार माओवादीहरूलाई आतंककारी घोषित गरेको थियो । तर, यिनी माओवादी मैत्री रहेको आरोप तत्कालिन सरकारका मन्त्रीहरूले लगाउने गर्थे । ठीक यस विपरित माओवादीहरूले भने जिल्ला भ्रमणको क्रममा यिनको मोटरलाई एम्बुसमा पारेका थिए । यिनको ज्यान मुस्किलले जोगिएको थियो ।

केदारप्रसाद गिरीलाई एमालेले रूचाएको थिएन । यिनको पुत्रलाई तत्कालिन गृहमन्त्री खुमबहादुर खड्काले प्रहरी सेवामा प्रवेश गराएको तथा गिरीको हिमछिम कांग्रेसीहरूसँग रहेको कुरा एमालेलाई पचेको थिएन । वास्तवमा धनुषा निवासी केदार गिरीको पारिवारिक पृष्ठभूमि नेपाली कांग्रेस पक्षधर रहेको थियो । संसदीय अनुमोदनको क्रममा एमालेले केदार गिरीको लागि गरिएको सिफारिसलाई पास हुन दिएन । यद्यपि त्यसबेलाको संविधानका प्रावधानअनुसार संसदीय समितिले यिनको नाममा मोहर नठोकेपनि प्रधानमन्त्री (शायद गिरिजाप्रसाद कोइराला)को सिफारिसमा केदार गिरी राष्ट्रपतिबाट प्रधानन्यायाधिशमा नियुक्त गरिए ।

केदारप्रसाद गिरीलाई अन्तिम समयसम्म एमालेले पत्याएन । यिनको अवकाश हुनु अघि भावी प्रधानन्यायाधिशको लागि न्याय परिषदबाट वरिष्ठतम् न्यायाधिश रहेका मीनबहादुर रायमाझीको नाम सिफारिस गरिएको थियो । यस सिफारिसलाई एमाले र माओवादी दुबैले मन पराएनन् । पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री थिए । उनले लामो समयसम्म संवैधानिक परिषदको बैठक नै डाकेनन् । एमाले र माओवादी दुबैले मीनबहादुर रायमाझीभन्दा कनिष्ठ रहेका खिलराज रेग्मीलाई प्रधानन्यायाधिश बनाउन चाहान्थे । तर, निकै लामो माथापच्चिपश्चात मीनबहादुर रायमाझी प्रधानन्यायाधिश भए ।

खिलराज रेग्मी एमाले र माओवादी दुवैका लागि रूचीकर प्रधानन्यायाधिश भए । साथै, खिलराजलाई भारतले पनि उत्तिकै रूचाएको कुरा बुझ्न कठिन छैन । खिलराज रेग्मीभन्दा अघिका प्रधानन्यायाधिशहरूले र मुख्य राजनीतिक दलहरूले एक जना भावी न्यायाधिशका बारेमा सोच्दथे । तर, खिलराजले पहिलो पटक नेपालको न्याय प्रणालीमा वंशवादका झैँ उत्तराधिकारीहरूको लामो सोच राख्यो । आज पनि सर्वोच्च अदालतमा पूर्वप्रधानन्यायाधिशहरू खिलराज रेग्मी, कल्याण श्रेष्ठ र सुशीला कार्कीको हालिमुहाली कायम रहेको चर्चा जानकारहरूले गर्ने गर्दछ । यथार्थमा खिलराज रेग्मीले आफुपछिका तीनजना न्यायाधिशहरूको 'ट्रोईका' खडा गरे । अहिले संसदीय समितिमा चलिरहेको चोलेन्द्रको बयानमा पनि राणाले भनेको "अवकाश प्राप्त प्रधानन्यायाधिशहरूले सर्वोच्चको न्यायाधिश नियुक्तिमा भागबण्डा खोजेको" कुरा यही ट्रोईका तर्फ इंगित छ । दुई/तीन वटा गम्भीर कारणहरूले खिलराज रेग्मीको समय उल्लेखनीय रहेको छ । पहिलो, यिनले प्रधानन्यायाधिशहरूमा खतरनाक राजनीतिक महत्वाकांक्षाको बिजारोपण गरे । संविधानसभाको आयुलाई रोकेर तथा त्यसबेला राजनीतिक दलहरूमा कायम रहेको एक अर्कालाई निषेध गर्ने प्रवृतिको फायदा उठाएर, बाह्यसमेत सहकार्यमा यिनले आफुलाई सरकार प्रमुखमा पुर्‍याए । आज धेरैले बिर्सेका होलान् । तर खिलराजको यस मनशायको त्यसबेला बार र नागरिक समाजले कटु आलोचना गरेको थियो । दोस्रो, यिनले नेपालको न्याय प्रणालीमा पहिलो पटक लामो समयसम्म प्रधानन्यायाधिश हुन सक्नेहरूको 'उत्तराधिकारको लाइन' खडा गरे । करिब २०/३० वर्षसम्म एकपछि अर्को प्रधानन्यायाधिश हुनेहरूको कार्ययोजना बन्यो । तेस्रो, खिलराज रेग्मीको कार्यकालमा राजनीतिक र उच्च प्रशासनिक व्यक्तिहरूका मुद्दामा प्रतिशोध साध्ने कार्यको शुरूवात भयो । खिलराजको कार्यकाल सर्वोच्च अदालतमा बढी कुटील र खतरनाक कार्यकालको रूपमा लिन सकिन्छ ।

दामोदर शर्मा विवादबाट मुक्त रहेनन् । यिनी उपर अदालतमा बिचौलिया प्रवृतिलाई बढावा दिएको आरोप छ । तर, बामपन्थीहरूले दामोदरलाई कहिल्यै पत्याएनन् । साथै, खिलराजको समयमा खडा भएको 'ट्रोईका' को उत्तराधिकारवादलाई यिनले तोड्ने केही प्रयास गरेकोले यिनी बढी आलोच्य बनाइए । अहिलेका विवादीत प्रधानन्यायाधिश चोलेन्द्र शम्शेर राणा खिलराज रेग्मी र सुशीला कार्कीबाट कारबाहीमा पारिएका थिए । दामोदरले चोलेन्द्रलाई न्यायपरिषदबाट मिनाहा माफी दिलाएर लामो समयसम्म सर्वोच्च अदालतको प्रधानन्यायाधिश हुने लाइनमा योग्य बनाए । प्रकाश वस्ती अख्तियार दुरूपयोग अनुसन्धान आयोगका वैतनिक कानुनी सल्लाहकार थिए । उनलाई ट्रोईका रणनीतिले सर्वोच्च अदालतमा ल्याएका थिए । दामोदर शर्माले प्रकाश बस्तीलाई स्थायी न्यायाधिश हुन दिएनन् । कल्याण-सुशीलाहरूलाई यसबाट ठूलो धक्का पुगेको थियो । प्रेस र नागरिक समाज तथा कांग्रेस बिरोधी राजनीतिक धुरीमा गहिरो प्रभाव राखेका ट्रोईकाले दामोदर शर्मालाई ठूलो आलोचनाको घेराभित्र पुर्‍यायो । भनिन्छ, दामोदरले थोरै भएपनि ट्रोईका रणनीतिलाई अवरोध गर्ने प्रयास न गरेको भए नेपालको न्याय व्यवस्था अझ अवनतिको खाडलमा जाकिने थियो । एक राजनीतिक समूहको ट्रोईकाको खतरनाक मनोकांक्षाको दीर्घकालसम्म कमारो रहन्थ्यो ।

सुशीला कार्कीको अवकाश शायद सर्वाधिक अपमानजनक र अवसादपूर्ण रह्यो । प्रधानमन्त्री शेरबहादुर देउवाको इसारामा नेपाली कांग्रेसका सांसदहरूले प्रधानन्यायाधिश सुशीला कार्कीको विरूद्ध संसदमा महाअभियोगको प्रस्ताव पेश गरे । महाअभियोगको यो प्रस्तावको सबै तिरबाट आलोचना भयो, आधारहरू कमजोर थियो । तर त्यही बेथाले सुशीला स्वभाविक अवकाश पाउनुभन्दा करिब २ साता अघि अत्यन्तै अपमानजनक ढंगबाट बेइज्जतिका साथ बहिरिनु पर्‍यो । उनले बेन्च तोक्न सकिनन् । जसले चोलेन्द्र शम्शेरलाई तरेपार पुर्‍याएकी थिइन्, तिनै चोलेन्द्रको शरणागत भई, गोप्य सम्झौता गरि महाअभियोगलाई निरस्त गराई । चोलेन्द्र शम्शेरका लागि बाटो प्रशस्त गरी यस अपमानको बोध र तुष आज पनि सुशीलाको कर्कश स्वभावमा तथा सदैव क्रोधाभाषको अनुहारमा देखिन्छ ।

गोपाल पराजुलीको प्रधानन्यायाधिशको रूपमा बहिर्गमन, उनको लागि अत्यन्तै अपमानजनक रह्यो । शायद आफ्नो प्रकारको अद्वितीय । पराजुली अहिले संचार माध्यममा सक्रियताका साथ आफु उपर भएको षडयन्त्र भनिरहेका छन् । न्यायको रोहमा विचार गर्ने हो भने पछिल्लो समयमा सबैभन्दा ठूलो अन्यायमा गोपाल पराजुली पारिए । राजनीतिक दलहरूको स्वार्थमा स्वयम् चोलेन्द्र शम्शेर आदिको षड्यन्त्रबाट यिनलाई पाखा लगाउने काम भयो । यस पछिका वरिष्ठतम् न्यायाधिश दीपक जोशीलाई एमालेको बिरोधले प्रधानन्यायाधिश हुन दिइएन । संसदीय समितिको जोडबलले उनी उपरको आरोपको पुष्टी पनि कसैले गर्नु परेन । उनी बलात् कामु प्रधानन्यायाधिशबाटै फ्याँकिए । यसपछि पालो आएको चोलेन्द्र शम्शेर राणा साहेबको हबिगत सबैको सामुन्ने छ । सर्वोच्च अदालतमा विश्वनाथ उपाध्यायदेखि हाल बहालवाल बाहेक २१ जना प्रधानन्यायाधिशहरू भए । एकाध अपवाद बाहेक कुनै पनि प्रन्याको बहिर्गमन सम्मानजनक तथा गम्भीर आरोप बिहीन रूपमा भएन । बाँचेका पूप्रन्याहरू अहिले 'कोतपर्व' बाट जीऊँदै उम्के झैँ ठानेको हुनुपर्छ । अभिशप्त छ सर्वोच्च अदालत !

सर्वोच्च अदालतको यो विवाद आखिर कहाँ गएर टुंगिन्छ ? प्रधानन्यायाधिशमा चोलेन्द्रको बहिर्गमन आजसम्म कै सबैभन्दा खराब उदाहरणको रूपमा रहनेछ । आफ्नो बयानको क्रममा चोलेन्द्रले जे-जस्ता गम्भीर कुराहरू उठाएका छन्, भलै त्यसको छानबिन नहोस् तर, त्यसलाई इन्कार गर्ने अवस्था छैन । कमसे कम अहिले सर्वोच्च अदालतमा रहेका पदासिन न्यायाधिशहरूबाट अदालतको गरिमाको रक्षा हुन सक्दैन । अब उपलब्धहरूबाट जोसुकै प्रधानन्यायाधिश बनुन् । उनी पनि "कुनै सैनिक कूबाट सत्ता परिवर्तन भई जुन्टाको पक्षपोषण गर्ने न्यायाधिश" भन्दा फरक हुने छैन । चोलेन्द्र पछि जो प्रधानन्यायधिशमा छन् वा हुने सम्भावनाको चर्चा छ, उनी खिलराज-कल्याण र सुशीला ट्रोयकाको 'लाचार छाया' भन्दा अलग्ग हुने छैनन् । वास्तवमा, अबको सर्वोच्च अदालत संविधानअनुसार लिइएको शपथ, राजनीतिक दलहरूको स्वार्थ र बार एशोसिएशनबाट बन्ने मनोवैज्ञानिक दबावको 'द्वैध शासन' सरह हुनेछ । वास्तवमा अदालत एक असफल राष्ट्रको असक्षम निकाय भइसकेको छ ।

सामाजिक सञ्जाल



- डम्मर खतिवडा

वैकल्पिक राजनीति भनेको कांग्रेस–कम्युनिस्ट र राजावादी त्रिकोणभित्र 'मौतका कुवा'को दौडमा सामेल हुनु हैन । यसभन्दा बाहिर हाम्रो भाग्य, भविष्य बनाउने अर्को कुनै तरिका, समावेशिता, सुशासन र संमृद्धिको सपना हिँड्ने अर्को बाटो छ पनि छ भनेर खोजी, पहिचान र त्यसको अम्मल गर्नु हो ।



- राधाकृष्ण कटवाल

राष्ट्रिय सभाबाट पनि नागरिता विधेयक कुनै संशोधन बिना नै पास भएछ । अब राष्ट्रपतिको हातमा छ । राष्ट्रपतिले १५ दिनभित्र पारित गर्नुपर्ने हुन्छ । यदि १५ भित्र पनि पारित नगरेको खण्डमा त्यतिकै निष्कृय हुनेछ । राष्ट्रपति भण्डारीको पद बरू जाओस् तर, विधेयक पास गर्नुँहुँदैन तर, यस्तो नहोला ।



- सेतेमान तामाङ

लोकतन्त्रमा वाक स्वतन्त्र/बालिग मताधिकारको निश्चितता भएर मात्रै लोकतन्त्रको संस्थागत हुन सक्दैन । लोकतन्त्रलाई संस्थागत हुन पारदर्शीता, जवाफदेहीता हुनैपर्छ । यदि कसैबाट लोकतन्त्रको नाममा भ्रष्टतन्त्र प्रयोग भएमा लोकतन्त्रको अवमूल्यन मात्रै नभई लोकतन्त्रको हत्या गराउने षड्यन्त्र गर्नु हो ।



- चन्द्र श्रेष्ठ

सरसर्ती हेर्दा मुलुक र नागरिकका हकमा भएका राजनीति परिवर्तनले उपलब्धि के दियो त ? एक राजा हट्यो, सयौं महाराज जन्मिए । काचुली फेर्‍यो त केवल राजनीति परिवर्तन भन्दै रटान रटाउने नेता–नेतृत्वहरूका जीवन शैलीले । भने अझै अन्धभक्त भएर यिनैका भजन मण्डलीमा जयजयकार मनाउनु आफैमा लज्जास्पद !




- रञ्जित तामाङ

कक्षा १२ को रिजल्टमा १ लाख ८८ हजार विद्यार्थी ननग्रेड भएछन् । यति धेरै विद्यार्थी कसरी ननग्रेड भए ? यसको दोष कलिला विद्यार्थीको टाउको थोपरेर सबै चोखो बन्न पाइन्छ ? यो देशको शिक्षा नीति बनाउने संरचना, पाठ्यक्रम बनाउने र स्वीकृत गर्ने मान्छे, पढाउने मास्टर चाँही दोषी हुनु नपर्ने ?

# विकृत राजनीति

टिप्पणी



● रवीन्द्र पोखरेल

बस्ती झुपडीका गरिब मजदुर नेपाली जनतालाई काम गर्ने अवसर राजनितिक पार्टीका नेता र सरकारले मिलाइदिए मात्र उनीहरुले नेता र सरकारलाई कुनै गुनासो गर्ने छैनन् । आफ्नै हात पाखुरा बजारेर बाँच्नेछन् तर, बिडम्बना उनीहरु अघिपछि जनताको सुख दुःखमा बेखबर हुन्छने् । भएका कलकारखाना कवाडीको भाउमा बेचेर उनैले खाए, मोटाए । जब चुनाव आउँछ अनेक बहानाका मिठा रसिला भाषण लिएर आउँछन्, आकाशका तारा नै खसाल्दिन्छौं भन्न पनि लाज मान्दैनन्, लाज भन्ने जात राजनीतिककर्मी र शासकको शब्दकोषमा नै छैन जस्तो देखिन्छ ।

चुनावभरि तीनै गरिब जनतालाई विभिन्न प्रलोभनमा पारेर आफ्ना पार्टीका झण्डा बोकाएर हिँड्छन्, आफैसँग हिँड्दा आङ्ग नाङ्गै भएको देख्दैन, बरु त्यो झण्डा बोकाउनुभन्दा त त्यति नै कपडा दिए त टालो हालेर भएपनि लाज जोगाउने त थियो होला, वा भरखर जन्मिएको शिशुले भोटो लगाउन पाउने थियो होला । जसले भोलि त्यही गुन सम्झिएर पनि उसलाई वा उसका सन्तानले राजनीति गरेको खण्डमा भोट त पाउने थियो होला, या त नेताको उदाङ्गिइसकेको नियतको लाज पनि केही समयका लागि छोपिने थियो । तर, त्यो बुद्धि न उसमा छ, न उसका लम्पट दासहरुमा नै छ । जब चुनाव जितेर जान्छ, प्रलोभन पनि

*जनताको सुख-दुःखमा साथ नदिने, जनताका आवाजमा बोली नमिल्याउने राजनीति मौलाउँदो छ । जनतालाई भोटरको रूपमा मात्रै बुझ्ने राजनीति र राजनीतिज्ञबाट जनताले विकल्प खोजेका छन् । तर, विकल्प नपाउनु अहिलेको सबैभन्दा दुःखद पक्ष हो ।*

सकिन्छ, अरु सुखदुःख त परको कुरा भयो, खान नपाएर, एकसरो लुगा लगाउन नपाएर अकालमा ज्यान जान्छ ।

गिद्धले जसरी मरेको सिनो माथि आकाशबाट देख्छ र सिनो लुछ्न हतारिदै तल आइपुग्छ त्यही चालमा जब त्यो खबर लम्पट दासहरुले सुनाइदिन्छन्, जस्तोसुकै महत्वपूर्ण काम छोडेर पनि घाटमा झण्डा ओढाउन गिद्ध हाम्फाले झैं या त चिल्ला कारमा दौडिँदै र हाम्फाल्दै आइपुग्छ । उसलाई यत्ति डर र हतार हुन्छ कि कतै म समयमा पुग्न सकिन भने अरुले उछिनेदेला र मप्रति विश्वास नगर्ला, यदि नआएमा नै त अर्को पटक चुनावमा उसका परिवारले भोट दिनेछैनन् । उसको चिन्ता भनेको त्यही हो तर, गरिब जनतालाई न त कुनै राजनीति पार्टीको विश्वास र मतलब छ, न त झण्डा बोकेर हिँड्ने रहर छ । छ भने मर्नेको काजक्रिया कसरी सम्पन्न गरौं ? छोराछोरी र परिवारको आङ्गमा एकसरो लुगा कसरी पार्ने ? आँटो ढिँडो जेले हुन्छ भोको पेट भरुन भन्ने मात्रै हुन्छ ।

उसलाई थाहा छ नेता आएर मृतकको लास छुनु भन्दा नछोइदिए आत्माले शान्ति पाउने थियो भन्ने कुरा । मर्ने त मरिहाल्यो आफन्त, छिमेकी तथा समाजको रीति धर्म हो दाह संस्कार गरी हाल्छन्, त्यो निर्दयी नेता आउनु नआउनुको के सरोकार जसले जिउँदै छँदा त केही गरेन भनेदेखि मरेपछिको "गोहीको आँसु के काम ?" अहिलेको राजनीति र राजनीतिक पार्टीका नेतामा यस्तै विकृति र विसंगतिपूर्ण छ ।

त्यो गरिब जनता मर्दा पनि नचाहँदा नचाहँदै अनेक थरिका राजनीतिक पार्टीको गोठालो गर्दिनु पर्ने, अनेक रङले सिंगारिएका पार्टीका झण्डा बाध्य भएर बोक्दै हिँड्नु पर्ने, काम बिताउनु पर्ने र मर्दा पनि परम्परागत सेतो कफनमा रङ्गी बिरङ्गी जातका कथित झण्डा ओढेर मर्नुपर्ने न त त्यो झण्डाअनुसारको मूल्यमान्यता छ नत देश र जनताको लागि काम गरेका पनि छन् । मात्रै देश र गरिब जनता लुट्न जानेका छन् भने हामी गरिबले किन स्वतन्त्र नेपाली नागरिक भएर मर्न पनि नपाउने ? जिउँदोमा त हक अधिकारबाट बञ्चित भए भने मर्दा पनि सुख नपाउनु उनैका अधिनमा बाँधिनु पर्ने उनैका झण्डा ओढिदिनु पर्ने त्यस्तो ऋृण के खाएका छन् र ? स्वतन्त्रपूर्वक दाह संस्कारमा पनि जल्न र गाडिन नपाउनु यो नै अहिले चरम विकृति र विसंगति हो नेपाली राजनीतिक पार्टीको । यसैले त जनताले विकल्प खोजेका छन् । यी भ्रष्ट राजनीति र राजनीतिक नेताको ।

## बक्स अफिस समाचार

# ‘लोक देउडा गीतसंगीतको क्षेत्र सर्वत्र फैलिएको छ’

लोक देउडा गायनमा भिन्न पहिचान बनाउन सफल दिपेन्द्रप्रसाद दाहाल सुदूरपश्चिम डोटीको आदर्श गाउँपालिका ७ मा २०२९ सालमा जन्मिएका हुन् । सुदूरपश्चिमको लोक संगीतका एक चम्किला तारा हुन् उनी । उनले आफ्नो सांगीतिक यात्रा २०५४ सालबाट शुरु गरेका हुन् । लोकप्रिय गायक दाहालले विशेष गरी आफ्ना गीतहरुमा स्वयं नै शब्द रचना र लय गर्दै आएका छन् । यसैगरी उनले हालसम्म २५ वटा एल्बमहरु बजारमा ल्याइसकेका छन् । उनका गीति रचनाहरु सामाजिक भौगोलिक र प्रेम प्रसंगसँग मेल खान्छन् । पहिलो एल्बम ‘बाजकली’ जसमा सेती कर्णाली किल्ला कठै मेराई प्यारा डोटी जिल्ला नामक गीति लयबाट चर्चा बटुलेका थिए । यसैगरी क्रमशः रमिता, पिरती, बिरहका आँसु, सेतीको कोसेली कालिको सम्झना, चोली चौबन्दी, बुलबुली, रनपुतला, लडाईको सिपाही, मङ्गलसुत्र, नला साई अपुरा झल्का, दिल छनाई छ चोखो लगायतको गीति संग्रह लोकप्रिय छन् । लोक देउडा गीतसंगीतमा अतुलनिय योगदान पुऱ्याए बापत विभिन्न संघ, संस्थाले उनलाई सम्मान तथा पुरस्कृत गरिसकेका छन् । उनले डोटी बहुमुखी क्याम्पसबाट बिएसम्मको अध्यायन गरेका छन् । हाल गीत रेकर्डिङको सिलसिलामा काठमाडौंमा रहेका दिपेन्द्रप्रसाद दाहालले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :



दिपेन्द्रप्रसाद दाहाल, वरिष्ठ लोक देउडा गायक

**काठमाडौं बसाईमा के नयाँ गर्दै हुनुहुन्छ ?**

नयाँ सिर्जनाको तयारीमा छु, १, २ वटा नयाँ गीत रेकर्डको शिलशिलामा राजधानी आएको छु ।

**लोकप्रिय देउडा गायक भएको नाताले यसलाई युवा पुस्ताले कसरी लिएको पाउनु हुन्छ ?**

आगामी सर्जक तथा नयाँ पुस्ताका युवा साथीहरुको अकाट्य मायाका साथै सम्मानजनक तरिकाले व्यवहार गरेको अनुभूति छ मलाई । किनकि गायन क्षेत्रको बारेमा सल्लाह सुझाव साथै लोक देउडालाई के कसरी उजागर गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा फैलाउन सकिन्छ भन्ने बारेमा विचारहरुको आदान प्रदान गरिन्छ । साथै सुझावहरु पनि दिइन्छ र हौसला बढाउने पहल पनि गरिन्छ ।

**नेपालमा मुलधारको संगीत भन्ने बित्तिकै सुगम संगीतलाई लिने चलन छ । देउडा गीतसंगीतको वर्तमान अवस्था कस्तो छ ?**

लोक देउडा गीतसंगीतको वर्तमान अवस्था विगत भन्दा झन् फराकिलो भएको छ । किन भने पहिले सुदूरपश्चिममा मात्रै निहित थियो भने अहिले लोक देउडा संगीतको क्षेत्र सर्वत्र फैलिएको अवस्था छ । राष्ट्रव्यापी नै भएको छ देउडा क्षेत्र, अन्तर ाष्ट्रिय जगतमा पनि विस्तारै स्थान लिँदै छ लोक देउडाले ।

**काठमाडौं वरिपरि काठे, गण्डक क्षेत्रमा ख्याली त्यसभन्दा थोरै पश्चिम रुकुम, रोल्पा, सल्यान, सुर्खेततिर झ्याउरे, पूर्वतिर आफ्नै शैलीका गीतहरुको प्रचलन बढी छ । स्पष्ट रुपमा यी सिर्जनाको कुनै सीमा भने छैन । तर सुदूरपश्चिमका मौलिक कोल देउडा गीतसंगीतको संरक्षणमा तपाईंको योगदान ?**

२०५४ सालदेखि मेरो गायन यात्रा शुरु भएको हो । हालसम्म निरन्तरता दिई नै रहेको छु । आगामी दिनहरुमा पनि हाम्रो मौलिकतालाई उजागर गरीरहने छु, सास रहुन्जेलसम्म यसैमा लागि रहने छु ।

**गीतसंगीतमा लागेका कलाकारहरुको हकहितका लागि काम गर्न भनेर थुप्रै संघ, संस्था स्थापना भएका छन् । देउडा गीतसंगीतको उत्थानको बारेमा काम गर्ने कुनै छुट्टै निकाय छ कि ?**

छ नि । हालै आएर पनि लोक देउडा प्रतिष्ठान प्रदेश नं ७ गठन गरिएको छ । सुदूरपश्चिम साहित्य समाजको पनि ठूलो योगदान रहेको छ । साथै अन्य संघ, संस्थाहरु पनि छन् सुदूरपश्चिमेली संस्कार तथा संस्कृति उत्थानका लागि ।

**तीन सय भन्दा बढी गीत गाइसक्नु भएको छ, आर्थिकरुपले सन्तुष्ट हुनुहुन्छ ?**

जिविकोपार्जनका लागि संगीत क्षेत्रले मात्रै पुग्दैन, बाँच्नका लागि केही न केही अर्को पाटो नि रोज्नु पर्छ । रुचीको क्षेत्र भएकोले सन्तुष्ट नै छु ।


**सुन्ने गीतको भन्दा पनि हेर्ने गीतको प्रचलन बढ्नुको मुख्य कारण ?**

पहिले पहिले क्यासेटहरु हुन्थे, टेप रेकर्डहरुमा क्यासेट हालेर सुनिन्थ्यो । बिस्तारै भिडियोको पनि प्रचलन आयो, भिसिआर भिडियो प्लेयरमा पनि हेर्ने गरियो, मेमोरी, पेन्ड्राइभको प्रचलन आयो । साथै भिडियो अधिकांश मात्रामा हेरिन थालिए किन भने भिडियो गीतहरुमा समय सान्दर्भिक कथा वस्तु र गीतले मागेको आनुसार अभिनय पनि हुन्छ, सुन्ने र हेर्ने व्यक्तिलाई आनन्दित पनि भयो ।

अहिले त झनै इन्टरनेटको सुविधा भयो र अडियो भन्दा बढी भिडियोहरु नै सबैले हेर्छन् । खासै भन्नु पर्दा अहिले त लागानी पनि धेरै लाग्न थाल्यो भिडियो बनाएन भने त अडियो गीतहरु चल्दैनन् ।

**स्टुडियोमा रेकर्डिङ गर्ने र विभिन्न डिजिटल माध्यमबाट स्रोता, दर्शकमाझ गीत पुऱ्याउने भएकाले कुनै भाका वा भाषाको बन्धन अहिले देखिदैन । तर डिजिटल प्रविधिले गर्दा सिर्जनमा ह्रास आयो, गायक, संगीतकार अल्छि भए भन्छन् नि ?**

त्यसो त नभनम्, पहिले भन्दा अहिले परिवर्तन चाहिँ पक्कै भएको छ । पहिले पहिले प्रविधिको पनि अभाव थियो, लाइभ रेकर्ड हुन्थ्यो, एउटा गीत गर्नलाई समय पनि धेरै लाग्थ्यो, सबै बाजाहरु भोकलसङ्गै लाइभ रेकर्ड हुन्थे, त्यति बेलाका बाजाहरुमा मौलिकता थियो ।



अहिलेको प्रविधिले गर्दा निकै परिवर्तन भएको छ । स्टुडियोमा जाँदा राम्रो स्वर भएकाले गीत रेकर्ड गर्थे ।

अहिले त गीत गाउनलाई स्वरमा मिठास नभए पनि हुन थाल्यो । किन भने मेसिनले नै राम्रो बनाई दिँदो रहेछ । अटो ट्युनको प्रयोग नि हुन थाल्यो । अल्छी त कोही नहोलान् सायद मेरो विचारमा ।

**मौलिकतामा नेपाली भाषा नै प्रधान छ । नेपाली गीतमा त भाषाको कुनै भौगोलिक सीमा छैन भन्दा पनि हुन्छ नि होइन ?**

हो नि हाम्रो मौलिकता वृहत छ नि हजुर ।

**रोयल्टी र प्रतिलिपिको विषयमा चर्को आवाज उठ्ने गरेको पाइन्छ, व्यवहारमा उतार्न नसक्नुको कारण ?**

हो, उठी नै रहेको छ । विस्तारै सिष्टम बस्दै छ, पक्कै पनि समाधान हुन्छ । यसका लागि पनि धैर्य गर्नु जरुरी ठान्छु मैले ।

कुनै पनि कुराको समाधान हुनका लागि तौरतरिका मिलाउन सक्नुपर्छ, एकैचोटी हुने होइन । सिष्टम बस्यो भने यस्ता विवादहरुको पनि सहजै समाधान हुन जान्छ ।

**इन्टरनेटको माध्यमबाट प्रयोग हुने सांगीतिक रचनाको अधिकारबारे तपाईंको धारणा ?**

यसमा आधिकारिक युट्युव च्यानलहरुबाट भिडियोहरु हाल्यो भने भिउज गएअनुसारको रोयल्टी प्राप्त हुन्छ । आधिकारिक च्यानलमार्फत भिडियोहरु हाल्यो भने मात्रै, तर पहिले क्यासेटको रोयल्टी भन्दा धेरै कम हुन्छ ।

**सिर्जनाको कपिराइटलाई लिएर विवाद भइरनुको कारण ?**

एक अर्का श्रष्टाले नबुझेर हो जस्तो लाग्छ । किन भने कतिपय त हुबहु मिलेको हुन्छ । सिर्जना त्यो हो जुन श्रष्टाले आफ्नो तरिका तथा अनुभवले, परिश्रम गरेर सिर्जना गरेको हुन्छ ।

**समग्र गीतसंगीतको उत्थान र विकासका लागि तपाईंको विचारमा के गर्नुपर्ला ?**

गीतसंगीतको उत्थान र विकासको लागि कलाकर्मीले मात्रै नभएर राज्यको पनि विशेष भूमिका रहनु अनिवार्य छ । जहाँसम्म राज्यको पूर्णदृष्टि रहन्न संस्कृति संस्कारको उत्थान होला जस्तो लाग्दैन ।

# ‘चलचित्र क्षेत्रको समस्यालाई समाधान गर्न सरकार तयार’



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले चलचित्र क्षेत्रका समस्यालाई समाधान गर्न सरकार तयार रहेको बताएका छन् । शनिवार काठमाडौंमा भएको नेपाल चलचित्र निर्माता संघको १६ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मन्त्री कार्कीले चलचित्र क्षेत्रमा लामो अनुभव बटुलेका कलाकारहरुको सुझावका आधारमा नै चलचित्र उद्योगको समस्या समाधान गर्न सकिने बताए ।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले चलचित्र क्षेत्रको विकास हुन नसक्नुको कारण पहिचान गरी एक/दुई दिन भित्र नै मन्त्रालयलाई जानकारी गराउने प्रतिवद्धता व्यक्त गरे ।

अध्यक्ष केसीले चलचित्र उद्योगलाई बुझेर काम गर्ने हो भने विश्वमा सबैभन्दा ठूलो आयश्रोत चलचित्र उद्योग बन्ने दाबीसमेत गरे । केसीले चलचित्र क्षेत्रमा रहेका सम्भावनाका ढोकालाई खोल्न आवश्यक रहेको बताए । उनले नेपाली कलाकार र प्रविधिकहरूमा दक्षताको कुनै कमी नरहेको दाबी गर्दै नेपाली सिनेमा क्षेत्र पनि संसारका सिने उद्योगसँग प्रतिष्पर्धा गर्न योग्य बनाउन पहल गर्ने जिकिर गरे । केसीले चलचित्र विकास बोर्डले नेपालमै निर्मित नेपाली भाषाका चलचित्रलाई पहिलो प्राथमिकतामा राख्ने स्पष्ट पारे ।

उनले भने, ‘चलचित्र क्षेत्रमा दुःख मात्रै छैनन् । सम्भावनाको ढोकाहरु धेरै छन् । सम्भावनाका ढोकाहरु कनि खुलिरहेका छैनन्, बन्द भएका सम्भावनाका ढोका हामी खोल्नसक्छौं । नेपाली सिनेमा क्षेत्रपनि संसारका सिनेमा इण्डस्ट्रीसँग प्रतिष्पर्धा गर्नसक्छ । नेपाली कलाकार र नेपाली प्राविधिकहरूमा ट्यालेन्टको कुनै कमी छैन । नेपालले बनाएको चलचित्रलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । म आएको एक महिना भएको छ । चलचित्र क्षेत्र अघि नबढ्नुको कारण के हो ? त्यसमा सल्लाह गरेर कारण हामी मन्त्रालयमा बुझाउने छौं ।’

अध्यक्ष केसीले चलचित्र उद्योगलाई बुझेर काम गर्ने हो भने विश्वमा सबैभन्दा ठूलो आयश्रोत चलचित्र उद्योग बन्ने दाबी गरे । उनले चलचित्र उद्योग आज प्राथमिकतामा नपरे पनि प्राथमिकतामा पार्न लायक बनाउन आफ्नो पहल रहने बताए । उनले चलचित्र क्षेत्रलाई विकास गर्न कसैले कसैको खुट्टा तान्ने नभइ एकजुट हुन जरुरी रहेको पनि उल्लेख गरे ।

# घनेन्द्र ओझालाई ‘गजल सारथि’ सम्मान

**काठमाडौं/मस–** साहित्यकार घनेन्द्र ओझालाई ‘गजल सारथि’ सम्मान प्रदान गरिएको छ । सर्लाहीको लालबन्दी नगरपालिकाको लालबन्दी नगर वाङ्मय परिषद्ले शनिबार ओझालाई उक्त सम्मान प्रदान गरेको हो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा. जगतप्रसाद उपाध्याय ‘प्रेक्षित’ले दोसल्ला र सम्मानपत्रले ओझालाई सम्मान गरेका हुन् । ओझा दुई दशकदेखि नेपाली गजलको विकास, विस्तार र परिष्कार अभियानमा निरन्तर सक्रिय छन् । परिषद्का कोषाध्यक्ष विवश पौडेलले घनेन्द्र ओझाको नेपाली गजल क्षेत्रमा योगदानको चर्चा गरेका थिए । पौडेलले घनेन्द्रका हालसम्म विभिन्न विधा र सिद्वान्त/समालोचनाका कृतिहरू प्रकाशन भएका बताए ।



ओझाका हालसम्म प्रकाशित साहित्यिक कृतिहरूमा ‘आफ्नै चिहानमा टेकेर’, २०६२, ‘बल्झेर याद तिम्रो’, २०६२, ‘बाटो अझै छ बाँकी’, २०६५ (राधा कणेलसँग संयुक्त) गजलसङ्गहहरू तथा ‘दुल्हा राजा आउनुभो’, २०६९ बालगजलकृति प्रकाशित छन् । उनका ‘एउटा अर्को सङ्गामको घोषणा’, २०६५ र ‘असमान पहाडहरू’, २०७८ कविताकृति पनि प्रकाशित छन् । ‘नेपाली गजलः विगत र वर्तमान’, २०६४ (संयुक्त), ‘गजल कसरी लेख्ने ?’, २०६६ (संयुक्त), ‘नेपाली गजलः सिद्वान्त र विवेचना’, २०६७ र ‘गजलज्ञान’, २०७१ जस्ता गजलका सैद्वान्तिक/समालोचनात्मक पुस्तकहरू समेत लेखिसकेका ओझाले नेपाली गजललाई परिष्कार गर्ने र छिरलिएको नेपाली गजललाई सैद्वान्तिक मार्गमा ल्याउने प्रयत्न विगत डेढ दशकदेखि गर्दै आएका छन् ।

ओझाले ‘बहरमाला’, २०६३, ‘गजलमाला’, २०६६ संयुक्त छन्द/बहरबद्ध गजलकृतिहरू, १९ वटा भाषाको ‘राष्ट्रिय भाषाका गजलहरू’, २०६९, समस्यापूर्ति संयुक्त गजलकृति ‘छातीभरी दुख्छ देश’, २०७२, ‘गजल बहस’, २०७१, गजलप्रधान पत्रिका ‘अनाम’ तथा ‘अनाममण्डली’ स्मारिकाको सम्पादनसमेत गरिसकेका पौडेलले जानकारी दिए ।

ओझाको भर्खरै शास्त्रीय बहरमा मात्र लेखिएका गजलहरूको एल्बम ‘शुभेच्छा’ बजारमा आएको छ । सन्तोष श्रेष्ठको संगीत रहेको उक्त एल्बममा ज्ञानु राणा, आनन्द कार्की, शिव परियार, सन्तोष श्रेष्ठ, निशा देशार र अस्मिता अधिकारी गरी नेपाली गायनका ४ पुस्ता समेटिएको छ ।

अनाममण्डलीका संस्थापक महासचिव तथा पूर्वअध्यक्ष, यसरी नै अन्तर्राष्ट्रिय नेपाली गजल मञ्च, संस्थापक महासचिव तथा हाल अध्यक्ष रहेका ओझा नेपाली लेखक संघका पूर्वसचिव हुन् ।

नेपाली गजलमा पहिलो छन्द/बहरबद्ध गजलकृति ‘बल्झेर याद तिम्रो’, २०६२ प्रकाशन, नेपाली गजलमा पहिलो छन्द/बहरबद्ध संयुक्त गजलकृति ‘बहरमाला’, २०६३ र दोस्रो छन्द/बहरबद्ध संयुक्त गजलकृति ‘गजलमाला’, २०६६ सम्पादन तथा नेपाली गजलमा पहिलो बहरबद्ध गजल एल्बम ‘शुभेच्छा’ प्रकाशन गर्ने घनेन्द्र ओझालाई ‘गजल सारथि’ सम्मान प्रदान गर्दा परिषद् र लालबन्दी नगर खुसी भएको आयोजकले बताए ।

# भट्टराईको निधन



**काठमाडौं/मस–** कलाकार तथा कला निर्देशक उद्धव भट्टराईको निधन भएको छ । जन्मथलो बैतडीबाट काठमाडौं आउने क्रममा उनको चितवनमा आफू सवार बसमै निधन भएको जानकारी प्राप्त छ । ६६ वर्षका उनी लामो समयदेखि दमको रोगबाट पीडित थिए । आर्थिक अभावका कारण उनको उपचार राम्रोसँग हुन पाएको थिएन । लामो जुंगाका कारण भट्टराई जुङ्गे उपनामले चर्चित थिए ।

उनले एकसेएक सुपरहिट नेपाली फिल्ममा कला निर्देशकको रुपमा काम गरेका छन् । उनले कला निर्देशनसँगै फिल्ममा भेषभुषा समेत हेर्ने गर्दथे । तर, प्रविधिले फड्को मारेसँगै उनी पछिल्लो समय कामविहीन थिए । आफू नजिक फिल्मकर्मीसँग उनले फिल्म क्षेत्रले आफूलाई विर्सिएको गुनासो गर्ने गरेका थिए । कुशल कलाकार समेत रहेका भट्टराई ४ दशकदेखि फिल्ममा सक्रिय थिए ।

‘सन्तान’बाट कलाकार र कस्टुम डिजाइनरको रुपमा करिअर थालेका उनले पछिल्लो पटक फिल्म ‘मेरी मामु’मा कला निर्देशकको रुपमा काम गरेका थिए ।

# नेपालले जित्यो केन्याविरुद्धको एकदिवसीय सिरिज




**काठमाडौं/मस–** नेपालले दोस्रो एकदिवसीय खेलमा घरेलु टोली केन्यालाई पराजित गरेको छ। नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा शनिबार नेपालले केन्यालाई १७ रनले हराएको हो । यस जितसँगै तीन खेलको सिरिज नेपालले एक खेल अगावै २-० ले जितेको छ। पहिलो एकदिवसीयमा नेपालले केन्यालाई ७ विकेटले पराजित गरेको थियो।

लगातार दोस्रो जित दर्ता गर्दै नेपालले एकदिवसीय सिरिज १ खेल अगावै आफ्नो पक्षमा पारेको हो । नेपालले दिएको २३१ रनको लक्ष्य पछ्याएको घरेलु टोली केन्याले ४६.२ ओभरमा सबै विकेट गुमाएर २१४रन बनाउँदा नेपाल १६ रनले विजयी भयो ।

केन्यालाई रोक्ने क्रममा नेपालका दीपेन्द्रसिंह ऐरीले ४ विकेट लिँदा सोमपाल कामीले तीन विकेट लिए। करण केसी, आदिल अन्सारी र पवन शर्राफले एक एक विकेट लिए।

केन्याका लागि रकिप पटेलले सर्वाधिक ८१ रनको पारि खेल्दा कोलिन्स ओवियाले ३७ रन जोडेका थिए। यस्तै नेलसन ओडिम्बोले २८ रन जोड्दा निहामि ओडिहाम्बोले १२ रन बनाए।

टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ओभरको ४ बल बाँकी हुँदा सवै विकेट गुमाएर २३० रन बनायो। नेपालका लागि कप्तान रोहित पौडेलले अर्धशतकीय पारि खेले। नेपालका तर्फबाट देव खनाल र अर्जुन साउदले ओपनिङ गरेका थिए। पहिलो विकेटको रुपमा यी दुई खेलाडीले १९ रनको साझेदारी गरे। ५.५ ओभरमा १९८ रन भएका बेला साउद आउट भए। उनी व्यक्तिगत ५ रन बनाएर पभेलियन फर्किए।

देव र ज्ञानेन्द्र मल्लले नेपालको पारि अघि बढाए। १७.३ ओभरमा ७५ रन भएका बेला नेपालले दोस्रो विकेट गुमाउन पुग्यो। नेपालका ज्ञानेन्द्र व्यक्तिगत २५ रन बनाएर आउट भए। उनले ३७ बलमा ४ चौका प्रहार गरेका थिए। १९ औं ओभरमा देव खनाल आउट भएका थिए। खनालले ५५ बल खेल्दा ४ चौकाको मद्दतले ३७ रन प्रहार गरे।

लगत्तै दीपेन्द्रसिंह ऐरी भने धेरै वेर टिक्न असफल रहे। उनी २ रन बनाएर आउट हुँदा नेपालले ८५ रनमा चौथो विकेट गुमाएको थियो। रोहित र बसिर अहमद मिलेर अघि बढाएको पारि १२० रनसम्म पुगेको थियो। ३२.४ ओभरमा बसिर आपसी तालमेल नमिल्दा रनआउटको सिकार भए। बसिर १७ रन बनाएर आउट भएका हुन्। छैटौं विकेटको रुपमा पवन शर्राफ व्यक्तिगत २ रन बनाएर आउट भएका थिए।

सातौं विकेटको रुपमा नेपालले आदिल अन्सारीलाई गुमायो। आदिल १४ रन बनाएर आउट भए। आठौं विकेटको रुपमा सोमपाल काम पभेलियन फर्किए। सोमपालले १५ बलमा २६ रन बनाउँदा १ छक्का र २ चौका प्रहार गरे।

सोमपाल आउट हुँदा नेपालले ४७.१ ओभरमा ८-२०५ को स्कोर गरेको थियो। करण केसी नवौं विकेटको ४८.४ ओभरमा कप्तान रोहित पौडेल आउट भए। उनी अर्धशतकीय पारि ७८ रनमा आउट भए। उनले ९४ बल खेल्दा ७ चौका प्रहार गरे।

# भारत र बंगलादेशको टोली काठमाडौंमा



**काठमाडौं/मस–** महिला साफ च्याम्पियनसिपमा भाग लिन भारत र बंगलादेशको राष्ट्रिय टोली नेपाल आइपुगेका छन्। भारत र बंगलादेशको टोली शनिबार नेपाल आइपुगेका हुन् । अखिल नेपाल फुटबल संघ (एन्फा)का सदस्यद्वय मनीष जोशी र सलिना श्रेष्ठलगायतले त्रिभुवन विमानस्थलमा भारतीय र बंगलादेशी टोलीलाई स्वागत गरेका थिए ।

भुटान र पाकिस्तानी टोली भने यसअघि नै काठमाडौं आइसकेका छन् । श्रीलंका र माल्दिभ्स टोली आइतबार आइपुग्ने बताइएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भदौ २१ गते दक्षिण एसियाका सातै राष्ट्रको सहभागितामा च्याम्पियनसिप शुरु हुनेछ। बंगलादेश समूह मा भारत, पाकिस्तान र माल्दिभ्ससँग रहेको छ। आयोजक नेपाल, भुटान र श्रीलंका समूह बीमा छन्। पहिलो दिन नेपाल र बंगलादेशबीच प्रतिस्पर्धा हुनेछ।

राउन्ड रोबिन लिगपछि समूहका शीर्ष २ टोली फाइनलमा पुग्नेछन् । यसअघि विरानगरमा भएको पाँचौं संस्करणको फाइनलमा नेपाललाई ३-१ ले हराउँदै भारत पाँचौं पटक च्याम्पियन बनेको थियो।

एन्फाले महिला साफ च्याम्पियनसिप फुटबलको सम्पूर्ण तयारी पूरा भएको जनाइसकेको छ । प्रतियोगिताका लागि नेपाली महिला टिमले पनि तयारी गरिरहेको र नेपालमा आएका अन्य देशका टिमले पनि अभ्यास गरिरहेका छन्। प्रतियोगीताले महिला फुटबलमा नयाँ उचाई हासिल गर्ने अपेक्षा एन्फाको छ ।

प्रतियोगिता संचालनका लागि अनुमानित कुल बजेट ३ करोड ४७ लाख ६७ हजार ६ सय ८० रुपैयाँ लाग्ने एन्फाले जनाएको छ। प्रतियोगिताको टिकट र ब्रोडकास्टिङ अधिकार ६५ लाखमा भारतीय कम्पनीमा हन्ड्रेड स्पोर्टसलाई दिइएको छ ।


## माण्डवी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**जस्पुर, प्युठान, लुम्बिनी प्रदेश, नेपाल**
**नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यका लागि**

### प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धि सार्वजनिक सूचना

**प्रकाशित मितिः २०७९/०५/१९**

प्यूठान जिल्लाको माण्डवी गाउँपालिका भएर बग्ने अरंग नदी, माडी नदी र झिमरुक नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका नदीजन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्ने कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदन तयार गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अध्ययन गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुँदा देहायका क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, जैवीक, रासायनिक, समाजिक, आर्थिक तथा सांस्कृतिक एवं यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा सम्बन्धित नगरपालिका क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी र सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र लिखित राय सुझाव र प्रतिक्रिया पठाई सहयोग गरिदिनु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. स. | नदी/ खोलाको नाम | अध्ययन गरिने क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|---|
| १ | माडी नदी | थक्लेनी घाट, सिमलचौर घाट, जस्पुर देवीस्थान घाट, चकचके घाट, लामाचौर घाट, नयागाउँ घाट, | माण्डवी गाउँपालिका वडा न. (१ र ३) |
| २ | झिम्रुख नदी | रम्दी घाट, आपचौर घाट, तिघ्रा घाट, | माण्डवी गाउँपालिका वडा न. ५ |
| ३ | अरंग नदी | अरंग खोला घाट | माण्डवी गाउँपालिका वडा न. १ |

**राय सुझाब पठाउने ठेगाना**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| श्री माण्डवी गाउँपालिकाको कार्यालय<br>ठेगानाः जस्पुर, प्यूठान, लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं.: +९७७-९८५७८३६००६,<br>ईमेलः mandavimun2073@gmail.com<br>वेवसाईट : www.mandavimun.gov.np | ग्रेट बिल्डस इन्जिनियर सर्भिसेस प्रा. लि.<br>ठेगाना : स्वर्गद्वारी, प्यूठान<br>फोन नं.:९८६३१४९४९८ |



## नेपाल नागरिक उड्डयन प्राधिकरण
### धनगढी नागरिक उड्डयन कार्यालय
**धनगढी, कैलाली**

### विज्ञापन सम्बन्धि समाग्री राख्ने सम्बन्धि सूचना (सूचना नं.०३/०७८/७९)

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/१९**

यस धनगढी विमानस्थलको टर्मिनल भवन भित्र **१५७.०४ वर्ग मि. क्षेत्रफल भएको स्थान (विज्ञापन वोर्ड, फ्लेक्स, ग्लो वोर्ड, ईलोक्ट्रोनिक्स वोर्ड आदि) का विभिन्न विज्ञापन सामाग्रीहरु राख्ने** प्रयोजनका लागी ठेक्कामा बढाबढ प्रकृयाबाट दिइने भएकाले निम्न ठेक अंकमा नघट्ने गरि तपसील अनुसारका शर्तहरुको अधिनमा रही काम गर्न इच्छुक कारोवारको इजाजत प्राप्त मु.अ.करमा दर्ता भएका **विज्ञापन एजेन्सी**हरुबाट रीत पुर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**शर्तहरु :**

१) ठेक्का अवधी : **ठेक्का अवधी ५ वर्ष**
२) ठेक्काको न्युनतम ठेक अंक : **मु.अ.कर सहित रु.१,१२,२९,३७५/- (अक्षरुपी एक करोड बाह्र लाख उनानतीस हजार तीन सय पचहत्तर मात्र ।)**
३) सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बोलपत्र दस्तुर बापतको रकम रु.३,३९०/- पछि फिर्ता नहुने गरी यस कार्यालयको सानिमा बैंक लि., धनगढी स्थित खाता नं. **०२६ ००० ००००९०७** मा बुझाई यस कार्यालयको प्रशासन शाखाबाट बोलपत्र सम्बन्धि कागजात खरीद गरी बाईशौं दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्ने छ।
४) आफ्नो कुल कबोल अंकको ५% ले हुन आउने रकम सानिमा बैंक लि., धनगढी स्थित यस कार्यालयको चल्ती खाता नं. **०२६०१ ००१ ००००७७९** मा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयका नाममा जारी भएको बोलपत्र खोलिने मिति देखि १२० दिन भन्दा बढि अवधिको म्याद भएको बैंक जमानत (कार्यालयबाट स्वीकृत नमुना बमोजिम) बोलपत्र साथ पेश गर्नु पर्नेछ। कार्यालयबाट स्वीकृत नमुना भन्दा बेग्लै बमोजिम बैंक जमानत पेश गर्ने बोलपत्रहरु मुल्यांकनमा समाबेश गरिने छैन।
५) प्राप्त बोलपत्र २२ (बाईसौं) दिनको २:०० बजे विज्ञापन एजेन्सी वा नीजको प्रतिनिधिको रोहवरमा यस कार्यायलमा खोलिने छ। विज्ञापन एजेन्सी वा नीजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६) बोलपत्र खरीद, दाखिला र खोल्ने अन्तिम दिन बिदा परेमा उक्त कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय अनुसार गरिने छ।
७) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८) गत विगत आ.व.मा यस कार्यालयलाई भुक्तानी गर्न बाँकी बक्यौता रकम भुक्तानी नभए सम्म त्यस्ता व्यक्ति संस्थाहरुलाई बोलपत्र बिक्री गरिने छैन। कार्यालय संग बक्यौता भएको व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारम खरीद गर्न आउंदा यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट जारि भएको बक्यौता चुक्ता सम्बन्धि कागजात पेश गर्नु पर्ने छ।
९) स्वीकृत बोलपत्रदाताले कबोल रकम भुक्तानी गर्ने प्रकृया, छुट तथा तोकिएको समयमा रकम भुक्तानी नगरेमा हुने जरिवाना सम्बन्धि व्यवस्था लगायत अन्य शर्तहरु बोलपत्र (विषेश शर्त) तथा ने.ना.उ.प्रा सम्बन्धि ऐन नियम बमोजिम हुनेछ।
१०) बोलपत्र किताब सूचना प्रकाशित भए पछि कार्यालय खुलेको जुनसुकै दिनमा पनि खरीद गरी कार्यालय समयमा दर्ता गराउन सकिने छ।
११) कवोल रकम ५ किस्तामा किस्तामा बांडिने र प्रथम किस्ता अग्रीम रुपमा बुझाए पछि मात्र ठेक्का सम्झौता गरिने छ। साथै कबोल अंक रकममा प्रत्येक आ.व. (आ.व. २०८०/८१ देखि) नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको मुल्यवृद्धि वा १० प्रतिशत मध्ये जुन बढि हुन्छ, सोही आधारमा बहाल रकम स्वतः वृद्धि हुनेछ।
१२) बोलपत्र फाराम खरीद गर्दा फर्म दर्ता प्रमाण पत्र (नविकरण समेत), ईजाजत पत्र (नविकरण समेत), मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. **२०७७/७८** को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ।
१३) बोलपत्र फाराममा अंक र अक्षरमा दररेट स्पष्ट संग भरेर शिलबन्दी गरी बुझाउनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षर मा लेखिएको लाई मान्यता दिइने छ। रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त राखी पेश गरेको बोलपत्र माथि कारवाही गरिने छैन।
१४) स्वीकृत बोलपत्र दाताले कवोल अंक को २५ प्रतिशतले हुन आउने जमानत रकम **सानिमा बैंक लि., धनगढी** स्थित यस कार्यालयको चल्ती खाता नं. **०२६०१ ००१ ००००७७९** मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयका नाममा जारी भएको कबुलियत को अवधि भन्दा ७ महिना बढी म्याद भएको बैंक जमानत पेश गरी सम्झौता गर्न आउनु पर्ने छ।
१५) यो सुचना नेपाल नागरिक उड्डयन प्राधिकरण तथा धनगढी नागरिक उड्डयन कार्यालयको आधिकारिक **Website** क्रमशः **www.caanepal.gov.np** र **www.dhangadhi.caanepal.gov.np** राखिएको छ। साथै यस सुचनाको बारेमा कुनै पनि कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।



## दुल्लू नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**दुल्लू, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी उत्पादक वा आधिकारिक बिक्रेताहरुलाई प्राविधिक प्रस्ताव दर्ता आव्हानको सूचना

**प्रकाशित मिति : २०७९/०५/१९**

यस नगरपालिकालाई चालु आ.व. ०७९।/०८० को लागि यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन र सडक मर्मत कार्यका लागि आवश्यक टिप्पर र रोलर क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) (८) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरु विच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपि विधि) बाट खरिद गर्नु पर्ने भएकाले तपसिलमा उल्लेख भए बमोजिमको सर्तहरुको अधिनमा रहि आधिकारिक बिक्रेताहरुवाट शिलबन्दी प्रस्ताव दर्ता गराउने सम्वन्धी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१) इच्छुक इजाजत पत्र उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नम्वर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, ऐजन्सी दर्ता प्रमाण पत्र, Letter of Authorazation आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र, त्यस्तो सवारी साधन आपुर्ति गरेको विस्तृत विवरण सम्बन्धित कार्यानुभवको प्रमाण पत्र सहितको कागजातहरुको प्रतिलिपिहरु समावेश गरी देहाय अनुसारको सवारीसाधनको उत्पादनको प्राविधिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नु पर्ने छ।
२) दर्ता हुन आएका प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले ८ औं दिनको (मिति २०७९/०५/२४ गते) दिनको २:०० बजे खोलिने (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र) छ।
३) सवारीसाधनको स्वीकृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयवाट निःशुल्क तथा यस कार्यालयको Website : www.dullumun.gov.np बाट समेत Download गरी प्राप्त गर्न सकिने छ।
४) प्रस्ताव सम्वन्धि थप केहि बुझ्नु परेमा ९८४८०४०२६४ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

| सि.नं. | सवारी साधनको विवरण | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | टिप्पर | Rear Dump type tipping truck, right hand driver with 4x2 drive system, dump body (Cargo Box ) to have normal capacity of minimum 7.5 cu.m. with hydraulic tipping gear. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेशिफिकेशन बमोजिम हुने छ। |
| २ | रोलर | Self-Propelled, Drum drive, single Drum vibratory Roller with smooth vibratory steel Drum. Operating weight Not Less then 11,000 kg. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेशिफिकेशन बमोजिम हुने छ। |

**प्रमुख प्रशासकीय अधिकृत**

गो.हु.का.द.नं. ३३/०६९/०७०

१९ भदौ २०७९, आइतबार

4 September 2022, Sunday



# ‘समाज परिवर्तनमा योगदान दिन सकौं भन्ने हेतुले पत्रकारिता पेशामा लागेको हुँ’

**नेपालको टेलिभिजन पत्रकारितामा मनोज जोशी स्थापित नाम हो। विगत दुई दशकदेखि टेलिभिजनको पर्दामा समाचार वाचन, सम्पादन तथा विषय विज्ञहरुसाग प्रत्यक्ष अन्तर्वार्ता गर्दै आएका उनी हाल नेपालको स्थापित टेलिभिजन च्यानल एपिवान टेलिभिजनमा वरिष्ठ टिभी जर्नालिस्टका रुपमा कार्यरत छन् । हाल उनले विशेषगरी रक्षा तथा सुरक्षा विषयमा समाचार सम्प्रेषण गर्दै आएका छन् ।**

**सन् २०१९ मा उनी नेपाली सेनाले प्रदान गरेको साहसिक पत्रकारिता अवार्डबाट सम्मानित भएका थिए । त्यस्तै कोभिड–१९ महामारीका बेला सुरक्षाकर्मीको मनोवल उच्च बनाउनका लागि समाचारका माध्यमबाट महत्वपूर्ण भूमिका खेलेको भन्दै सन् २०२१ मा उनी राष्ट्रियस्तरको नेपाल प्रहरी अवार्डबाट समेत सम्मानित भएका थिए। त्यसबाहेक पनि उनले राष्ट्रियस्तरका विभिन्न सम्मान प्राप्त गरेका छन् । कान्तिपुर टेलिभिजन, इमेज च्यानल लगायतका नेपालका मुख्य टेलिभिजनमा महत्वपूर्ण जिम्मेवारीमा रहेर काम गरिसकेका जोशी विभिन्न सामाजिक कार्यमा पनि सक्रिय छन् ।**

**अनाथ बालबालिकाहरुलाई आर्थिक सहयोग गर्नेदेखि आर्थिक अवस्था कमजोर भएका बिरामीहरुको उपचार खर्चका लागि पनि उनले आर्थिक सहयोग उपलब्ध गराउँदै आएका छन् । प्रस्तुत छ उनै जोशीसाग पत्रकारिताको अनुभव, नेपालको पत्रकारिताको अवस्था र आगामी दिनमा उनको योजनाका बारेमा मध्यान्ह दैनिकका उप-सम्पादक मुकुन्द लामिछानेले गरेको कुराकानीको सार संक्षेप :**



**विगत दुई दशकदेखि तपाईं अथकरुपमा पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्छ। यो क्षेत्रमा लाग्ने प्रेरणा कसरी मिल्यो ?**

मलाई सानैदेखि समाज परिवर्तनका लागि कुनै न कुनै रुपमा भूमिका निर्वाह गर्न सकियोस् भन्ने लाग्थ्यो। पत्रकारितामा लाग्दा मेरो लक्ष्य पूरा गर्न सम्भव हुने देखें। मैले पत्रकारिता शुरु गर्दा नेपालमा सीमित मात्र सञ्चारमाध्यम थिए । अर्कातर्फ हाम्रो समाजमा टेलिभिजनको निकै ठूलो प्रभाव थियो । टेलिभिजनमा बोलेका कुराले समाज परिवर्तनमा धेरै ठूलो भूमिका खेल्थ्यो । त्यसैले समाज परिवर्तनमा थोरै भएपनि योगदान पुऱ्याउन सकौं भनेर यो क्षेत्रलाई रोजेको हुँ ।

**पत्रकारिताको माध्यमबाट समाज परिवर्तन गर्न सम्भव रहेछ ? यो क्षेत्रमा आइसकेपछि समाजका लागि केही योगदान गर्न सकें भन्ने लाग्छ ?**

म करिब दुई दशकदेखि पत्रकारिता गर्दै गर्दा यस क्षेत्रका धेरै अनुभव संगाल्ने अवसर पाएको छु। त्यसमध्ये पनि सकारात्मक अनुभव धेरै छन् । मैले पत्रकारिता गर्दा देशकाबारेमा जान्ने बुझ्ने मौका पाएँ । त्यति मात्र होइन, समाजमा व्याप्त अन्याय, अत्याचार र बेथितिका विरुद्ध कलम चलाउँदा त्यसले गलत प्रवृत्तिलाई नियन्त्रणमा राख्न महत्वपूर्ण सहयोग गरेको छ। सूचनाको पहुँच नभएका दुर-दराजका क्षेत्रमासमेत सञ्चारमाध्यममार्फत सूचना पुऱ्याएर आमजनतालाई निरन्तररुपमा सुसूचीत गर्दै आएको छु । सूचना प्रविधिको पर्याप्त विकास नहुँदै शुरु भएको यो यात्रा आज हात हातमा सूचना प्रविधिको पहुँच भइरहँदासम्म पनि जारी छ । एउटा सञ्चारकर्मीका रुपमा समाजका लागि गरेको यो एउटा ठुलो योगदान हो जस्तो लाग्छ ।

**नेपालको पत्रकारिताको अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

मैले नेपालको पत्रकारिताको भविष्य धेरै राम्रो देखेको छु। जतिबेला म पत्रकारिता क्षेत्रमा प्रवेश गरेको थिएँ, त्यतिबेला सीमित मात्र अवसर थिए । प्रविधिको उच्चतम प्रयोग भएको थिएन । सीमित स्रोत र साधनका बीच धेरै काम गर्नुपर्थ्यो । अहिले अवस्था धेरै परिवर्तन भएको छ। सूचना प्रविधिको विकासले पत्रकारिता क्षेत्रमा पनि धेरै ठूलो परिवर्तन ल्याइदिएको छ । सामाजिक सञ्जालको विकासले यो पेशा अब सूचना प्रदान गर्ने सामान्य माध्यममा मात्र सीमित रहेन । आम पाठकहरुलाई नयाँ नयाँ र विश्वस्नीय सूचना र जानकारी प्रदान गर्नका लागि पत्रकार र सञ्चारमाध्यम पनि अग्रगामी र प्रतिस्पर्धी बन्नै पर्ने अवस्था सिर्जना भएको छ। साथमा यसले अवसरका नयाँ ढोकाहरु पनि खोलिदिएको छ । विश्वमा पत्रकारिता क्षेत्रमा भएका विकासले धेरै ठूलो अवसर सिर्जना गरिदिएको छ। नेपाल पनि त्यसबाट टाढा हुने कुरै भएन। त्यसैले नेपालको पत्रकारिताको क्षेत्रलाई मैले एउटा ठूलो अवसरको क्षेत्रका रुपमा हेरेको छु ।

**तपाईंले पत्रकारिता क्षेत्रको सम्भावनाको कुरा त गर्नुभयो, सुधार गर्नुपर्ने पक्ष पनि छन् होला नि ?**

नेपालमा पछिल्ला दुई दशकको अवधिमा सञ्चारमाध्यमको संख्याको हिसावले जुन किसिमको विकास भइरहेको छ, गुणात्मकरुपमा अझै पनि विकास हुन सकिरहेको देखिँदैन। व्यावसायिक पत्रकारितामा जुन किसिमको विकास हुनुपर्थ्यो अझै पनि त्यस्तो हुन सकिरहेको देखिँदैन। जबकि गुणात्मक र व्यावसायिक पत्रकारिताको विकास अहिलेको अनिवार्य आवश्यकता हो। हामी व्यावसायिक हुन सकेनौं भने त्यसले हाम्रो विश्वसनियतामाथि नै प्रश्न उठाउँछ। पत्रकारिताको विश्वास तथ्य, विश्वसनियता र सन्तुलित सामग्रीमा टिकेको हुन्छ । यदि यसबाट हामी तलमाथि भयौं भने जनताप्रतिको हाम्रो विश्वास पनि कमजोर हुन पुग्छ। यो नै अहिलेका लागि सबैभन्दा ठुलो चुनौती हो।

**पत्रकारितामा यस किसिमका चुनौती कसका कारण आइरहेको छ जस्तो लाग्छ ?**

यसमा पत्रकार स्वयं र सञ्चारगृह दुबैको भूमिका हुन्छ। पत्रकार स्वयं पनि आफूलाई व्यावसायिक बनाउन र समय अनुसार परिवर्तन हुन आवश्यक छ। अर्कातर्फ मिडियामा लगानी गर्ने व्यक्तिले पनि व्यावसायिक पत्रकारिताका लागि पुर्वाधारसँगै जनशक्तिमा पनि लगानी गर्नुपर्छ । समय अनुकुलको तालिम, प्रविधि र सेवा सुविधाले पत्रकारलाई अझ परिस्कृत र प्रतिस्पर्धी बनाउन सहयोग पुग्छ। जसले गर्दा व्यावसायिकता पत्रकारिताप्रति उसको प्रतिवद्धता अझ घनिभुत भएर जान्छ।

**तपाईं व्यक्तिगतरुपमा यो पेशा अवलम्बन गरेर कतिको सन्तुष्ट हुनुहुन्छ ? यस क्षेत्रमा लागेर तपाईंले के पाउनु भयो ?**

पत्रकारिताको माध्यमबाट समाज परिवर्तनमा योगदान गर्ने मेरो सानैदेखिको सपना यो पेशामा लागेर पूरा भएको छ । त्यसैले म यो पेशाबाट निकै सन्तुष्ट छु। अर्को कुरा यहाँले यो पेशामा लागेर के पाउनु भयो भन्नु भयो। यो निकै महत्वपूर्ण कुरा हो। आज एउटा पत्रकारका रुपमा मलाई समाजमा परिचित गराउने काम यही पेशाले गराएको हो। यो पेशामा नलागेको भए सायदै म समाजमा एउटा परिचित व्यक्तिको पहिचान बनाउन सक्थें होला। मेरो पत्रकारिता कर्मबाट प्रभावित भएर समाजको एउटा ठूलो तप्काले मलाई सकारात्मक हिसावले चिन्छ। त्यसका अलवा धेरै साथीभाइ कमाएको छु। सामाजिकरुपमा सम्मानित जीवन बिताउन पाएको छु। जीवन सञ्चालनका लागि आवश्यक पर्ने आर्थिक पक्षका लागि पनि यो पेशाले सहयोग गरिरहेको छ। यसभन्दा ठुलो उपलब्धि एउटा व्यक्तिका लागि के हुन सक्छ र ?

**आगामी दिनमा यहाँको योजना के छ ?**

मैले मेरो जीवनको महत्वपूर्ण समय पत्रकारिता पेशामै लागेर बिताएँ। यसप्रति मेरो ठूलो लगाव र लगानी छ । आगामी दिनमा पनि यसै क्षेत्रमा रहेर देश र समाजको सेवा गर्ने योजना छ। साथै व्यावसायिक र गुणस्तरीय पत्रकारिताका लागि निरन्तर पैरिवी गरिरहने छु । यो पेशालाई अझ सम्मानित पेशाका रुपमा विकास गर्नका लागि मेरो तहबाट के गर्न सक्छु त्यसमा मेरो निरन्तर प्रयास हुनेछ । त्यसका अलवा मैले सामाजिक कार्य अन्तर्गत अनाथ बालबालिका तथा आर्थिकरुपमा कमजोर व्यक्तिहरुको स्वास्थ्य उपचार लगायतमा पनि सहयोग गर्दै आएको छु। आगामी दिनमा पनि पत्रकारितासँगै समाज सेवाको कामलाई निरन्तरता दिनेछु ।

**अन्त्यमा थप केही भन्न चाहनुहुन्छ ?**

बदलिंदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्था, विश्व राजनीति तथा मानवीय तथा प्राकृतिक कारणले सिर्जित संकटका कारण पत्रकारिताको महत्व अझ बढेको छ । यस्ता कुराले पत्रकारितामा चुनौतीसँगै अवसरका नयाँ ढोकाहरु पनि खोलिदिन्छ । त्यस्ता चुनौतीलाई परास्त गर्दै यस क्षेत्रमा रहेका सम्भावनालाई प्राप्त गर्नका लागि नयाँ पुस्तालाई ठूलो अवसर छ । त्यो अवसरको सदुपयोग गर्दै पत्रकारितालाई अझ मर्यादित र व्यवस्थित बनाउने अभियानमा लाग्न म नयाँ पुस्तालाई आग्रह गर्न चाहन्छु। साथै सरोकारवाला निकायहरुलाई पनि मर्यादित र व्यावसायिक पत्रकारिताका लागि योगदान गर्न अनुरोध गर्दछु।

## कुमारीले पायो ‘एक्सिलेन्स इन इकर्मश बिजनेश २०२२’

**काठमाडौं/मस** – कुमारी बैंकले ‘एक्सिलेन्स इन इकर्मश बिजनेश २०२२’ अवार्ड पाएको छ। भिसाले आयोजना गरेको ‘भिसा लिडरसिप कन्क्लेभ - पेमेन्ट्स इनोभेसन फर डिजिटल नेपाल’ कार्यक्रममा बैंक उक्त अवार्डबाट सम्मानित भएको हो।



बैंकले आगामी दिनहरुमा पनि आफ्ना सेवाहरुको प्रभावकारिता तथा पहुँच वृद्धिका निमित्त आफ्नो डिजिटल सामर्थ्य सुदृढीकरणमा दत्तचित्त भएर अघि बढ्ने प्रतिबद्धता जनाएको छ।

हाल कुमारी बैंकले आफ्ना देशव्यापी १९८ शाखा सञ्जाल, १९४ एटिएम, ५० शाखारहित बैंकिङ ईकाई तथा २४ एक्सटेन्सन काउन्टरबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

## विश्व बैंकबाट पौने १८ अर्ब रुपैयाँ ऋण लिने निर्णय




**काठमाडौं/मस** – सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन गर्न विश्व बैंकबाट १४ करोड डलर (करिब १७ अर्ब ८६ करोड रुपैयाँ) ऋण लिने निर्णय गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यो रकम ग्रामीण भेगमा गुणस्तरीय डिजिटल ब्रोड ब्याण्ड सेवा बिस्तारमा खर्च हुने अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख ईश्वरी अर्यालले जानकारी दिए।

‘डिजिटल नेपाल फ्रेमवर्क सम्बन्धी कार्यक्रम विभिन्न कार्यक्रममा विश्व बैंकले दिएको पैसा खर्च हुने व्यवस्था चालु आर्थिक वर्षको बजेटमा गरिएको छ,’ अर्यालले भने, ‘मन्त्रिपरिषद्ले सहमति दिएकाले केही दिनभित्र १४ करोड डलर ऋण लिने सम्झौता हुनेछ।’ परियोजना सहयोग कार्यक्रमका लागि विश्व बैंकले ऋण दिएकाले सरकारी प्रणालीबाटै सबै रकम खर्च हुनेछ। विश्व बैंकले दिएको ऋणको वार्षिक ब्याज ०.७५ प्रतिशत तिर्नुपर्नेछ । ३८ वर्षपछि साँवा चुक्ता गर्नुपर्ने ऋणमा शुरुको ६ वर्ष भने ब्याज तिर्नु पर्ने छैन।

## फोनपे एक्सिलेन्स इन फिनटेक इनोभेसन २०२२ बाट सम्मानित

**काठमाडौं/मस** – फोनपे भिसाको ‘एक्सिलेन्स इन फिनटेक इनोभेसन २०२२’ अवार्डबाट सम्मानित भएको छ । भिसा इन्टरनेसनलले आयोजना गरेको लिडरसिप कन्क्लेभ पेमेन्ट्स इनोभेसन फर डिजिटल नेपाल कार्यक्रममा फोनपेलाई सम्मान गरिएको हो।

फोनपे नेटवर्कमा आबद्ध कुनैपनि बैंक तथा वित्तीय संस्था, विभिन्न भुक्तानी सेवा प्रदायकका मोबाइल एपबाट सहजै क्यूआर मार्फत भुक्तानी गर्न सकिन्छ। साथै फोनेमार्फत अन्तर बैंक रकम ट्रान्सफरलगायतका कारोबार गर्न सकिन्छ। फोनपे पेमेन्ट सर्भिस लिमिटेड नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त नेपालको अग्रणी भुक्तानी प्रणाली सञ्चालक हो।

फोनपे नेटवर्कमा ६० वटा बैंक तथा वित्तीय संस्था




र भुक्तानी सेवा सेवा प्रदायक आबद्ध छन् । यस्तै फोनपेमा हालसम्म ७ लाखभन्दा बढी मर्चेन्ट रहेका छन्। एक करोड ४० लाखभन्दा धेरै मोबाइल बैंकिङ प्रयोगकर्ता तथा भुक्तानी सेवा प्रदायकका मोबाइल एप मार्फत फोनपेले सेवा पुऱ्याउँदै आएको छ।

## एनसीसीद्वारा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

**काठमाडौं/मस** – नेपाल क्रेडिट एण्ड कमर्स बैंकको आयोजना तथा सन इन्फोटेकको संयोजकत्वमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। शुक्रबार श्री ढुकुरपानी माध्यमिक विद्यालय, दमक झापामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको बैंकले जनाएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हिमालयप्रसाद दाहालको कार्यक्रमको सभापतित्वमा संचालन गरिएको उक्त कार्यक्रममा बैंकका नायव महाप्रबन्धक मुकुन्द सुवेदीले स्वागत मन्तव्य व्यक्त गरेका थिए। उनले एनसीसी बैंकको तर्फबाट हाल प्रदान भइरहेको निक्षेप, कर्जा लगायत अन्य सेवाहरूको बारेमा जानकारी दिएका थिए।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक तथा पूर्व प्रवक्ता लक्ष्मीप्रपन्न निरौलाले श्रोत व्यक्तिको रुपमा आफ्नो प्रस्तुति दिँदै बैंकिङ कारोबारको प्रयोग बढाउनु पर्ने र यसका लागि बचत परिचालनमा जोड दिनु पर्ने बताए। व्यवसाय गर्न समुचित रूपमा कर्जा लिने र कर्जाको सदुपयोग हुनुपर्ने तथा फजुल खर्चमा नियन्त्रण गर्ने तथ्यमा प्रकाश पारेका थिए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्ण भण्डारी लगायत शिक्षक, विद्यार्थी, अभिभावकका साथै दमक बहुमुखी क्याम्पसका अध्यक्ष देवी प्रसाद दाहाल, दमक चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र कुमार ढकालको उपस्थिति थियो।

## कर्जासम्बन्धी मार्गदर्शन सच्याउन परिसंघको माग

**काठमाडौं/मस** – नेपाल उद्योग परिसंघले चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ मा भएका केही व्यवस्थाका कारण औद्योगिक तथा व्यावसायिक वातावरण बिग्रेको टिप्पणी गरेको छ । नेपाल राष्ट्र बैंकले हालै जारी गरेको चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ को प्रावधानले देशभित्र व्यावसायिक वातावरण नबन्ने र भएको वातावरणसमेत बिग्रन सक्ने परिसंघको बुझाइ छ।

उक्त मार्गदर्शनले स्वदेशी तथा ‘मेक इन नेपाल’ जस्ता नेपाल सरकारसमेतको स्वामित्व रहेका अभियानसमेतलाई प्रतिकूल असर गर्ने आफूहरुको ठम्याई रहेको परिसंघले आज जारी गरेको विज्ञप्तिमा जनाएको छ । केन्द्रीय बैंकले चालु पूँजी कर्जालाई एकरूपता कायम गर्न, कर्जा स्वीकृति प्रक्रिया एवं उपयोग पारदर्शी बनाउन चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ जारी गरेको उक्त मार्गनिर्देशनको मस्यौदामा परिसंघले पनि सुझाव पेश गरेको स्मरण गरेको छ।


प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ